**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

**WANTED**

We are looking for energetic, enthusiastic, self motivated and experienced candidate for the following posts

* Pre Primary - 1 | +2 Passed Montessori trained
* Primary - 1 | English
  Qualification: Minimum Bachelor Running
* Lower Secondary - 2 | Tuition Teacher
  Qualification: Bachelor Degree

Apply immediately with handwritten application

* आया दिदी - १ (साधारण लेखपढ । पकाउन जान्ने)

Learners' Academy
Secondary School
Ph: 6612496 / 9841271637
learners.edu@hotmail.com

★ वर्ष : २८ ★ अङ्क : ९० ★ ने. सं. ११४६ वछला थ्व, सप्तमी ★ बिहीबार ★ १० वैशाख, २०८३ ★ April 23, 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८



रुसी समाजवादी क्रान्तिका नेता एवं समाजवादी सोभियत सङ्घका संस्थापक भ्लादिमिर इल्यिच लेनिनको १५६ औँ जन्म जयन्तीको दिन रुसी महासङ्घको राजधानी मस्कोस्थित लेनिनको समाधिस्थलमा पुष्पार्पणको निम्ति लामबद्ध रुसी जनता अप्रिल २२, २०२६ का दिन ।

*तस्बिर : एपी/पाभेल बेदन्याकोभ*

# सरकारी निर्णय राहतभन्दा आहत

काठमाडौँ, ९ वैशाख । रास्वपाको सरकारले गरेका केही निर्णयहरू सेवा सुविधा हुने खालको जस्तो देखिए पनि दूरगामी असर पर्ने खालका छन् । नयाँ सरकारले नयाँ काम गर्न थाल्यो भने सन्देश बाँड्न हतारमा गरेको निर्णयले हरेकजसो ठाउँमा झन् अन्योल छाएको छ, सरकारको विरोधमा स्वर सल्केको छ । 'दुई दिन बिदाले 'स्वास्थ्य सेवा अस्तव्यस्त', 'सरकारी विज्ञापन नीतिविरूद्ध पत्रकार महासङ्घ देशव्यापी आन्दोलनमा', 'सिंहदरबारको पुनर्निर्माण जटिल', र 'गृहमन्त्री गुरूङको कारोबारका तथ्य बाहिरिँदा बढ्दै गएका प्रश्नहरू' शीर्षकको समाचारले देशमा जनताले राहत होइन आहत महसुस भइरहेको बोध हुन्छ ।

सरकारले हचुवाको भरमा गरेको निर्णयको विरोधमा सञ्चारकर्मी, विद्यार्थी, लेखापढी व्यवसायी, चिकित्सकहरू आन्दोलित छन् । सरकारको अव्यवहारिक र अपरिपक्व निर्णयको विरोधमा उनीहरू आन्दोलित भएका छन् । तीनै तहको सरकारका विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने प्रधानमन्त्री कार्यालयको निर्णयविरूद्ध सञ्चारकर्मीहरू आन्दोलनमा उत्रेका हुन् । घोषित कार्यक्रमअनुसार आज बिहीबार देशभरका जिल्ला शाखामार्फत प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाउँदै प्रधानमन्त्रीसमक्ष विरोध जनाइने कार्यक्रम रहेको छ । सरकारले चालू शैक्षिक क्षेत्रमा लिइने विद्यार्थीको परीक्षा नतिजा सकिएको एक महिनामै प्रकाशन गर्ने निर्णय पनि व्यवहारिक नभएको परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ । सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरको अनुसन्धानमा तानिएका व्यवसायी दीपक भट्टसँग व्यवसायिक साझेदारी रहेको विवरण सार्वजनिक भएपछि गृहमन्त्री सुधन गुरूङ विवादमा तानिएका हुन् ।

सरकारले सरकारी कर्मचारीलाई शनिबार र आइतबार गरी दुई दिन बिदा दिने निर्णय लागू गर्नुपर्ने निर्देशनसँगै स्वास्थ्य सेवा प्रणालीमा असन्तुलन देखिन थालेको छ । सो बिदाले विशेषगरी काठमाडौँ बाहिरका जिल्लाबाट राजधानीमा उपचार गर्न आउने बिरामीहरूलाई प्रत्यक्ष असर परेको जनाइएको छ । धितोपत्र बोर्डको जाँचबुझमा बिचौलिया दीपक भट्ट पुँजी बजारमा कृत्रिम रूपमा शेयर मूल्य बढाउने योजनामा संलग्न रहेको बताइएको छ । धितोपत्र बजारमा सेयर मूल्य कृत्रिम रूपमा बढाउने केही प्रभावशाली व्यक्ति र कम्पनीहरूको संलग्नता देखिएको निष्कर्ष निकाल्दै जाँचबुझ समितिले थप अनुसन्धानको लागि प्रहरीलाई सिफारिस गरेको छ ।

सरकारका अधिकांश निर्णयहरू विवादित बनेका छन् । सरकारको निर्णयलाई सरोकारवाला पक्षले स्वीकारेको छैन । आन्दोलनरत पक्षले सरकारी निर्णय फिर्ता लिन माग गरेको छ । निर्णय फिर्ता नलिएमा आन्दोलनलाई देशव्यापी बनाउने पीडित पक्षको दाबी छ । जनदबाबले यसअघि एक मन्त्रीको राजीनामा भएको थियो । रास्वपाका सभापति रवि लामिछानेको मुद्दा पनि टुङ्गोमा पुगेको छैन । अत: सरकारले अध्ययन नगरी, नबुझी हचुवाको भरमा निर्णय गर्न नहुने सन्देश जनतामाझ पुगेको छ । जनतामाझ लोकपत्यारको निम्ति गरिएको सरकारी निर्णयले सरकार र सरकारको नेतृत्व गर्ने दललाई पहिलो गाँसमै ढुङ्गा परेको टिप्पणी गरिएको छ ।




# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयान – ७

**प्रहरी वृत्त बौद्धका कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक जयश्वर रिमाल :**

भदौ २३ गते माइतिघरबाट निस्केको भिडको अग्रपङ्क्तिमा रहेका केही व्यक्तिहरू प्रारम्भमै उत्तेजित देखिएका थिए । व्यारिकेड हल्लाउने, तोडफोड प्रयास, ढुङ्गा–इँटा प्रहार तथा अमर्यादित नाराबाजी बढ्दै गएको थियो । भिड नेतृत्वविहीन थियो । उत्तरतर्फको लेनमा व्यारिकेड तोडियो र भिड निषेधित क्षेत्रमा प्रवेश गर्न सफल भयो । सशस्त्र प्रहरीको टोली त्यसबेला पछाडितर्फ सरेको देखिनु समन्वय कमजोर रहनु र ब्यानर पछाडिबाट पनि भिड घुमी आउनु प्रमुख चुनौती थियो ।

बीआईसीसीको दक्षिणतर्फ रहेको १ नं. गेट नजिक पुग्दा भिडले गेट बाहिरको रेलिङ भाँचिसकेको थियो । गेट अगाडि रहेका प्रहरीलाई ढुङ्गा, इँटा, रड तथा फलामका टुक्राहरूले आक्रमण गरिरहेको हुँदा हामी त्यसतर्फ जान सकेनौँ । भिडले कर्फ्यु आदेश पालना गर्न अस्वीकार गरेर "आज एकदिन संसद् भवनभित्र जान दिनु" जस्ता चेतावनीसहितका प्रतिक्रिया दिएको थियो । भिडले प्रहरीमाथि सिसा, लाठी, रड, इँटा तथा पानीका बोतलले आक्रमण गर्न थाल्यो । आफ्नो टोलीबाट एक जना पनि प्रदर्शनकारी घाइते भएका थिएनन् । तर, आन्दोलनकारीको ढुङ्गा, गुलेली, रड प्रहारबाट टोलीको ४ वटा हेल्मेट फुटेको, आन्दोलनकारीको घम्साघम्सीमा ६ वटा लाठी भाँच्चिएको र ३ वटा शिल्ड फुटेको छ ।

भदौ २४ गते मलाई बिहान ८:३० बजेबाट पुन: नयाँ बानेश्वर–बेकरी क्याफे क्षेत्रमा खटाइएको थियो । कतैकतै प्रहरी चौकी, मन्त्री तथा राजनीतिक नेताहरूका घर, निजी सम्पत्ति र सरकारी भवनहरूमा तोडफोड र आगजनी सुरु भएको सूचना निरन्तर सञ्चार सेटबाट आएको थियो । मेरो टोली करिब साढे दस बजेतिर प्रहरी वृत्त बौद्धमा पुग्दा ६०० भन्दा धेरै प्रदर्शनकारीहरूले थली प्रभाग तोडफोड गरेका, १ हजारभन्दा धेरैले जोरपाटी चौकी घेरेको, १ हजारभन्दा धेरैले साँखु प्रभागमा ढुङ्गामुढा गरेको भनी जानकारी आएको थियो । बिहानको करिब १०:४५ बजेको समयतिर प्रहरी वृत्त बौद्धमा ढुङ्गामुढा हान्न सुरु गरेको, केही समय स्थानीयवासीले एकछिन हातेमालो गरी भिडलाई टुसालतर्फ पठाउन सहयोग गरेको तर पछि उनीहरूसमेत आन्दोलनमा मिसिए । ढुङ्गामुढा, आगजनी प्रयास, पेट्रोल बम तयारी र प्रहरीमाथि प्रत्यक्ष लाठी–रड प्रहार भइरहेको हुँदा परिस्थिति नियन्त्रणबाहिर गएको थियो । थुनुवा लिस्ट तयार गरी छाड्ने भिक्टर कन्ट्रोलबाट आएकोले परिस्थितिगत मूल्याङ्कनपछि हिरासतमा रहेका सम्पूर्ण थुनुवाहरूलाई छाडिएको थियो ।

कार्यालयमा रहेका धेरै गोला–बारुद भने हामी निस्केपछि भिडले आगजनी गर्दा कार्यालयलगायत उक्त जिन्सी सामानहरू जली नष्ट भएको हो । भिडबाट पेट्रोल बम, आगजनी प्रयास, हजारौँको सङ्ख्या घेराबन्दी, भिडको मनोविज्ञान र सशस्त्र प्रहरीले सहयोग नगर्नु प्रमुख चुनौती भयो ।

भदौ २३ र २४ गतेका घटनामा भिडको नेतृत्वविहीनता, उत्तेजक व्यक्तिहरूको सक्रियता, विद्यालय पोशाक प्रयोग, मो.सा. चलाउने अपरिचित समूहहरूको गतिविधि र भिडका नारा एवम् उद्देश्यमा एकरूपता नदेखिनु घुसपैठको मुख्य सङ्केत थियो ।

**प्रहरी वृत्त कीर्तिपुरका कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक राजबाबु महर्जन :**

भदौ २३ गते माइतिघरबाट आएको ठूलो सङ्ख्याको भिड संसद् भवनतर्फ

***बाँकी पृष्ठ ८ मा***

**हाँसौः स्वस्थ रहौं।**

❖ हाँस्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ,
❖ हाँस्ने र खुशी हुने बानीको विकास गरौं,
❖ तनाव, चिन्ता र निराशालाई कम गर्न हाँसौं,
❖ परिवार र साथीहरूसँग हाँसौं र रमाइलो समय बिताऔं,
❖ सकारात्मक सोच र उत्साहपूर्ण वातावरण सिर्जना गरौं,
❖ हाँस्ने योगमा सहभागी बनौं,
❖ अरूलाई खुशी बनाउने व्यवहार गरौं,
❖ सामाजिक सद्भाव र आपसी सम्बन्ध बलियो बनाऔं,
❖ मानसिक स्वास्थ्य सुधारमा हाँसोको भूमिका बुझौं,

हाँसौं र हँसाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**कफी खेती अवलोकन गर्दै किसान:** काभ्रेपलाञ्चोकको महाभारत गाउँपालिका वडा नं ५ चौडिक मुखिया टोलमा मल्चिङ विधिबाट गरेको कफी खेती अवलोकन गर्दै अन्नपूर्ण गाउँपालिकाका कफी उत्पादक किसान । अन्नपूर्ण गाउँपालिका वडा नं १ भूगाईथरका श्री माछापुच्छ्रे उत्तम कफी उत्पादक सहकारी संस्था लि. का अगुवा कृषकहरूको नेतृत्व गर्दै गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीको टोलीले महाभारत गाउँपालिकामा अवलोकन भ्रमण गरेको हो । *तस्बिर: पेमा लामा/रासस*

# कफी खेती अवलोकन गर्न कृषक महाभारतमा

धुलिखेल, ९ वैशाख । काभ्रेपलाञ्चोकको डाँडापारिस्थित महाभारत गाउँपालिका-४ र ५ मा भइरहेको कफी खेतीको गण्डकी प्रदेशअन्तर्गत कास्कीको अन्नपूर्ण गाउँपालिकाका कृषकहरूले अवलोकन गरेका छन् ।

अन्नपूर्ण गाउँपालिका-१ भूगाईथरस्थित माछापुच्छ्रे उत्तम कफी उत्पादक सहकारी संस्था लिमिटेडका अगुवा कृषकको नेतृत्व गर्दै गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीको टोलीले महाभारत गाउँपालिकामा भइरहेको कफी खेतीको अवलोकन गर्नुभएको हो । कफी खेतीको अवलोकन भ्रमणमा सहभागी कास्की जिल्लाका जिल्ला कफी उत्पादक सहकारी सङ्घका अध्यक्ष आनन्द सुवेदीले महाभारत गाउँपालिकाले सुरु गरेको कफी खेती किसानको हितमा रहेकाले यसलाई मध्यनजर गर्दै सरकारले यसको अनुशरण गरेर नेपालका मध्यपहाडी क्षेत्रका जिल्लाहरूमा विस्तार गर्नुपर्ने बताउनुभयो ।

सो अवसरमा कृषकहरूसँग भेटघाटपछि महाभारत गाउँपालिकाले कफी खेतीलाई धेरै महत्त्वका साथ अगाडि बढाएको पाएको कास्कीका अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष केसीले बताउनुभयो । 'यहाँका कफी खेतीको अवस्था हेरेपछि गाउँमा बाँझो छोडिएका जमिनमा मात्रै कफी खेती गर्न सकेको खण्डमा विदेश जानु नपर्ने अवस्था बनाउन सकिने रहेछ", उहाँले भन्नुभयो, "अरुलाई गाली र आलोचना गर्नुको साटो मेहनतमा रमाउन सकेको खण्डमा एउटा मान्छेले कतिसम्म गर्न सकिँदो रहेछ भन्ने कुरा महाभारतको किसानबाट शिक्षा पाएँ ।"

महाभारत-१ का कफी उत्पादक कृषकहरूले महाभारतको कफी उत्पादनको विषयमा सञ्चारमाध्यममा धेरै आएको पाएपछि अवलोकन भ्रमण गर्न सो ठाउँलाई रोजेको बताएका छन् । महाभारत साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष हस्तबहादुर दर्लामीले महाभारत गाउँपालिकामा भइरहेको कफी खेतीको विषयमा चासोका साथ देशका विभिन्न ठाउँका कृषकले अवलोकन भ्रमण कृषकका लागि खुसीको विषय भएको बताउनुभयो । गाउँपालिकाले अगाडि सारेको 'जसले रोप्छ कफीको बोट, उसले पाउँको रु. बीसको नोट' अभियान र पालिका सरकारको दृष्टिकोणअनुसार प्रदेश सरकारसँगको सहकार्यमा 'एक वडा एक उत्पादन' अन्तर्गत कफी खेती अभियानले महाभारतलाई थप उचाइमा पुऱ्याएको महसुस भएको उहाँले बताउनुभयो ।

महाभारत गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले किसानको आर्थिक उत्पादनको अवस्थालाई ध्यानमा राख्दै पालिकाले उत्पादनमा आम्दानीको रूपमा कफीलाई बनाउने उद्देश्यसहित पर्यटकलाई महाभारतमा कफी हेर्न आउने बनाउने लक्ष्यका साथ योजनाबद्ध रूपमा अगाडि सारेको बताउनुभयो । कफीको बजारलाई हेरेर समृद्धिमा उत्पादनलाई कसरी जोड्ने भन्ने राष्ट्रिय नीतिअनुसार नै किसानको उत्पादनलाई जोड दिएर काम अगाडि बढाइरहेको उहाँले बताउनुभयो । त्यससँगै उहाँले चिया खेती हेर्न इलाम गएजस्तै कफी खेतीको उत्पादन हेर्न महाभारत जाउँ भन्ने नारालाई स्थापित गर्ने गरी काम भइरहेको छ ।

करिब ६० कृषकहरूको अवलोकन भ्रमण टोलीले महाभारत-५ को खोलाघारी, भर्लेनी, मुखियाटोल, खेतडाँडा, बार्तली र वडा नं ४ को लामीडाँडा लगायतका ठाउँमा 'एक वडा एक उत्पादन' कार्यक्रम गाउँपालिकाको 'जसले रोप्छ कफीको बोट, उसले पाउँछ रु. बीसको नोट' अभियानअन्तर्गत कफी नर्सरी, इजरायली प्रविधिबाट मल्चिङ र थोपा सिँचाइ प्रविधिको कफी खेती, छहारी विधि र पोखरी सिँचाइलगायत खेतीका कार्यक्रमको अवलोकन गरेका थिए । अहिलेसम्ममा गाउँपालिकाको तीन हजार २०० भन्दा बढी रोपनी क्षेत्रफलमा व्यावसायिक कफी खेती विस्तार गरेको छ ।

विसं २०७८ बाट यहाँका कफी खेती गर्ने किसान, कृषि सहकारी र समूहलाई गरी तीन लाख ३१ हजारभन्दा बढी विरुवा वितरण गरिसकेको छ भने यसवर्ष एक लाख कफीको बोट वितरणका लागि आवश्यक विरुवा उत्पादन गरिसकेको छ । किसानको उत्साहलाई साथ दिनका लागि पालिकाले अनुदानमा कफीको बोट वितरण, आवश्यक उपकरण वितरण गर्नुका साथै प्रशोधन गर्ने उपकरणहरू वितरणलाई जोड दिँदै आएको छ । उत्पादन र गुणस्तर राम्रो भएको महाभारत गाउँपालिकामा कफीको बजारीकरणसमेत राम्रो भएको तथा यस वर्ष मात्रै ८० टनभन्दा बढी कफी उत्पादन र निर्यात भएको गाउँपालिकाले जनाएको छ । ***(रासस)***

# म्याग्दीको जलजलामा आन्तरिक पर्यटकको चहलपहल

म्याग्दी, ९ वैशाख । यहाँको धवलागिरि गाउँपालिका-२ मा रहेको जलजलामा पर्यटकको चहलपहल बढ्न थालेको छ । म्याग्दीको बेनीदेखि धवलागिरि गाउँपालिकाको केन्द्र मुना-खोरिया-मरेनी-जलजला-ढोरपाटन हुँदै पूर्वीरुकुमको तकसेरा जोड्ने सडकको मार्ग खुलेपछि जलजलामा आन्तरिक पर्यटक बढेका हुन् ।

समुन्द्री सतहदेखि तीन हजार ४१८ मिटर उचाइमा रहेको माथिल्लो जलजलामा छ वर्षदेखि 'गोठस्टे' सञ्चालन गर्दै आउनुभएका धवलागिरि गाउँपालिका-२ लुलाङका फूलबहादुर विकले दैनिकजसो पर्यटक आउन थालेका बताउनुभयो । "यसअघि ढोरपाटनमा आएका सीमित पर्यटकमात्रै जलजलामा आउने गरेका थिए", उहाँले भन्नुभयो, "म्याग्दी-ढोरपाटन र पूर्वीरुकुम जोड्ने सडकको मार्ग खुलेपछि दैनिकजसो चार-पाँचवटा गाडी तथा १५-२० वटा मोटरसाइकलमा पर्यटक आउन थालेका छन् ।"

बेनीदेखि १२२ किलोमिटर दूरीमा रहेको तकसेरा जोड्ने सडकको गत फागुनमा मार्ग खुलेपछि पूर्वीरुकुमको पुथाउत्तरगङ्गा र बागलुङको ढोरपाटन उपत्यका घुम्न आउनेहरू जलजलादेखि मुना हुँदै फर्कने 'रुट' बनाउन थालेका छन् ।

मोटरसाइकल र गाडीमा यात्रा गर्नेहरूका लागि जलजला साहसिक र आकर्षक गन्तव्य बनेको छ । चार जनाको समूहमा दुईवटा मोटरसाइकलमा तीन दिनमा बुटवलबाट तकसेरा-ढोरपाटन-जलजला हुँदै पोखराको यात्रा गरेका बुटवलका सुदीप न्यौपानेले नयाँ मार्गमा साहसिक र रोमाञ्चक यात्रा भएको अनुभव सुनाउनुभयो ।

घना जङ्गलको शिरमा समथर घाँसेमैदान । पृष्ठभूमिमा हिमालहरूको लामो लर्कन । बिहानीमा सूर्योदय र साँझको सूर्यास्तको मनमोहक दृश्य । शरद्याममा खुलेका आकाश । वसन्तयाममा पाखाभरि ढकमक्क फुलेका लालीगुराँस । वन्यजन्तु र पन्छीहरूको आवाज । शान्त र एकान्त वातावरण पूर्वीरुकुम, बागलुङ र म्याग्दी जिल्लाको भूगोलमा फैलिएको ढोरपाटन सिकार आरक्षको आकर्षण हो ।

जलजला प्राकृतिक सौन्दर्यले भरिपूर्ण स्थान भएको धवलागिरि गाउँपालिका-२ लमसुङबाट घुम्न गएकी बिनु पुनले बताउनुभयो । "शान्त वातावरणमा, छिनछिनमा परिवर्तन हुने मौसम, शीतल हावापानी, पशु गोठहरूमा रमाउन पाउँदा समय बितेको पत्तै नहुँदोरहेछ", उहाँले भन्नुभयो, "समथर फाँटमा बसेर आँखै अगाडि देखिने हिमालको लर्कनले चित्रकारले कोरेको क्यानभासको आभास गरायो ।"

जलजलाबाट सिस्ने, पुथा, गुर्जा, मानापाथी, धवलागिरि, निलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे र मनास्लु हिमाल र सूर्योदयको दृश्यावलोकन गर्न सकिन्छ । बर्खायाममा पशुगोठ, वन्यजन्तु, समथर फाँट, पहाडी भूगोल, वनजङ्गल, वसन्त ऋतुमा गुराँसे जङ्गलको अवलोकन गर्न पाउनु यहाँको अर्को विशेषता हो ।

गुरिल्ला र म्याग्दी हुँदै डोल्पा जाने पदमार्गमा पर्ने जलजलामा बस्ती, होटल र रेष्टुरेन्ट छैन । म्याग्दीको लुलाङका विकले गोठमा पाहुनालाई खाना खुवाउने र बसोबासको व्यवस्था मिलाउँदै आउनुभएको छ । च्याउ, टुसाका परिकार, ढकायोको सागको अचार, गाईभैंसीको दूध, दही, भेडा र खसीको मासु गोठस्टेका परिकार हुन् । क्याम्पिङ गर्ने पर्यटकले आफैँ बन्दोबस्तीका सामान लगेर जानुपर्छ ।

ढोरपाटनको पाखाथरबाट जलजलासम्म पुग्न कच्ची सडकमा जिप र मोटरसाइकलमा करिब एक घण्टा तीन मिनेट यात्रा गर्नुपर्छ । धवलागिरि गाउँपालिकाको केन्द्र मुनादेखि जिप र मोटरसाइकलमा दुई घण्टाको यात्रापछि जलजला पुगिन्छ । जलजला क्षेत्रको जङ्गलमा दुर्लभ वन्यजन्तु हाब्रे (रेडपाण्डा)को बासस्थान भएकाले थप महत्त्व रहेको छ ।

# एकैपटक सम्पत्ति शुद्धीकरण र भ्रष्टाचार मुद्दा दायर

काठमाडौँ, ९ वैशाख । अख्तियार दुरूपयोग अनुसनधान आयोगले भ्रष्टाचार र सम्पत्ति शुद्धिकरण गरेको अभियोगमा पुरातत्व विभागका तत्कालीन सिनियर डिभिजनल इञ्जिनियर पूर्णबहादुर श्रेष्ठ र सहायक पथ प्रदर्शक देउकला अधिकारीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

निर्माण सेवाका सञ्चालक तथा सम्वद्ध संयुक्त उपक्रमहरूको बैङ्क खाताबाट देउकला अधिकारीको नाममा रहेको बैङ्क खातामा रकम जम्मा गराएको पाइएको छ । आयोगका अनुसार, त्यसरी प्राप्त भएको घुस रकमबाट संयुक्त रूपमा सम्पत्ति खरिद गरेको पाइएको छ । निर्माण सेवा प्रालिले एकल वा संयुक्त उपक्रममा समावेश भई विभागले गरेको ठेक्का सम्झौतामध्ये कुल रु. ६४ करोड २१ लाख ८९ हजार बराबरको ठेक्कामा रु. चार करोड २२ लाख ७५ हजार, नौ सय ८५ बराबरको रकम घुस लिएको आयोगको आरोप छ ।

भ्रष्टाचार गरेर आर्जन गरेको रकमबाट आपसी मिलेमतो र योजनामा जग्गा एवम् सुन खरिद गरेको तथा विभिन्न व्यक्तिलाई भुक्तानीसमेत गरेको पाइएको आयोगले जनाएको छ । गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति लुकाउने रूपान्तरण तथा हस्तान्तरण गर्ने गराउने कार्य गैरकानुनी कार्य भएको ठहर गरिएको छ । पूरातत्व विभागका तत्कालीन सिनियर डिभिजनल इञ्जिनियर श्रेष्ठ र सहायक पथप्रदर्शक अधिकारीविरुद्ध समान रु. चार करोड २२ लाख ७५ हजार नौ सय ८५ बराबरको बिगो दावी गर्दै मुद्दा दायर गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो । ***(रासस)***

# विश्व मातृ पृथ्वी दिवस : दिगो भविष्यका लागि सामूहिक प्रयासको आह्वान

काठमाडौँ, ९ वैशाख । दिगो भविष्यका लागि सामूहिक प्रयासको आह्वान गर्दै बुधबार विश्व मातृ पृथ्वी दिवस विश्वका विभिन्न मुलुकमा विविध कार्यक्रमका साथ मनाइयो । संयुक्त राष्ट्रसङ्घको आह्वानमा सन् २००९ देखि प्रत्येक वर्ष अप्रिल २२ मा यो दिवस मनाउन प्रारम्भ भएको हो ।

यो दिवसले पृथ्वीको संरक्षण र वातावरणीय सन्तुलन कायम राख्न सामूहिक प्रयास आवश्यक भएको सन्देश दिएको छ । महासागरहरू प्लास्टिकजन्य फोहरले भरिँदै गएका छन् र तीव्र रूपमा अम्लीय बन्दै गइरहेका छन् । अत्यधिक तापक्रम, डढेलो र बाढीपहिरोका घटनाले लाखौँ मानिस प्रभावित भएका छन् ।

संयुक्त राष्ट्रसङ्घका अनुसार विश्वभर हरेक वर्ष करिब एक करोड हेक्टर वन क्षेत्र नष्ट भइरहेको छ । वातावरणविज्ञहरूका अनुसार स्वस्थ पारिस्थितिक प्रणालीले मानिसलाई रोगबाट जोगाउन सहयोग गर्छभने जैविक विविधताले रोग उत्पन्न गर्ने सूक्ष्म जीवहरूको तीव्र फैलावट नियन्त्रण गर्छ । हाल करिब १० लाख वनस्पति तथा जनावरका प्रजाति लोप हुने जोखिममा रहेको अनुमान गरिएको छ ।

जलवायु परिवर्तन, प्रकृतिमा मानवीय हस्तक्षेप तथा वन विनाश, भू-उपयोग परिवर्तन, अत्यधिक कृषि तथा पशुपालन र अवैध वन्यजन्तु व्यापारजस्ता गतिविधिले जैविक विविधतामा गम्भीर असर पार्दै पृथ्वीको विनाशलाई तीव्र बनाइरहेका छन् ।

यस्तो अवस्थामा सुधार गर्न पारिस्थितिक प्रणालीको पुनःस्थापना अत्यावश्यक छ । पारिस्थितिक प्रणाली नै पृथ्वीका सबै जीवको आधार भएकाले यसको संरक्षणले पृथ्वी र मानव जीवनलाई स्वस्थ बनाउने विश्वास गरिएको छ । बिग्रिएको पारिस्थितिक प्रणाली पुनःस्थापना गर्न सकेमा गरिबी न्यूनीकरण, जलवायु परिवर्तनको प्रभाव कम गर्न र प्रजातिको सामूहिक विनाश रोक्न सहयोग पुग्नेछ । ***(रासस)***

# वीरगन्ज हुँदै छ खर्ब ९४ अर्बको वस्तु तथा सामान आयात

वीरगन्ज (पर्सा), ९ वैशाख । वीरगन्ज नाका हुँदै चालु आर्थिक वर्षको नौ महिनामा छ खर्ब ९४ अर्ब पाँच करोड रूपैयाँका वस्तु तथा सामान आयात भएको छ ।

वीरगन्ज भन्सार कार्यालयका अनुसार गत आवको नौ महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने ८० अर्ब ४४ करोड रूपैयाँ अर्थात् १३ प्रतिशत बढी आयात भएको हो ।

जबकि गत आवको नौ महिनामा भने छ खर्ब १३ अर्ब ६१ करोड रूपैयाँबराबरका वस्तु तथा सामान आयात भएको थियो । वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा यो नाका हुँदै हुने आयातमा बढोत्तरी भएको बताउनुभयो ।

यो नाका हुँदै चालु आवको नौ महिनामा एक खर्ब ४८ अर्ब १६ करोड रूपैयाँको पाँच थरिको पेट्रोलियम पदार्थ आयात भएको छ । जबकि गत आवको सोही अवधिमा भने एक खर्ब ४० अर्ब १० करोड रूपैयाँको पेट्रोलियम पदार्थको आयात भएको थियो ।

चालु आवको नौ महिनामा ६२ अर्ब २६ करोड रूपैयाँ पर्ने फलाम तथा फलामबाट बनेका सामान आयात भएका छन् । गत आवको सोही अवधिमा भने ५५ अर्ब नौ करोड रूपैयाँका फलाम तथा फलामबाट बनेका सामान भित्रिएको थियो ।

चालु आवको नौ महिनामा ५० अर्ब ४० करोड रूपैयाँको भटमासको कच्चा तेल आयात भएको छ । जबकि गत आवको सोही अवधिमा ३८ अर्ब १५ करोड रूपैयाँको भटमासको कच्चा तेल आयात भयो ।

चालु आवको नौ महिनामा ४९ अर्ब १३ करोड रूपैयाँ पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात भएको छ । जबकि गत आवको नौ महिनामा भने ४० अर्ब ५७ करोड रूपैयाँको मेसिनरी तथा पार्टपुर्जा भित्रिएको थियो ।

चालु आवको नौ महिनामा ३४ अर्ब १९ करोड रूपैयाँ पर्ने इलेक्ट्रिक मेसिनरी उपकरण र तिनका पार्टपुर्जा भित्रिएको छ भने गत आवको सोही अवधिमा भने ३० अर्ब १४ करोड मूल्यका इलेक्ट्रिक मेसिनरी उपकरण र तिनका पार्टपुर्जा आयात भएको थियो । कार्यालयले चालु आवको नौ महिनामा एक खर्ब ७७ अर्ब ६६ करोड रूपैयाँ राजस्व सङ्कलन गरेको छ । ***(रासस)***

## सङ्क्षिप्त समाचार

# तीन अर्ब ९७ करोड ६७ लाख राजस्व सङ्कलन

जनकपुरधाम, ९ वैशाख । यहाँस्थित आन्तरिक राजस्व कार्यालयले चालु आर्थिक वर्षको प्रथम नौ महिनामा रु. तीन अर्ब ९७ करोड ६७ लाख चार हजार राजस्व सङ्कलन गरेको छ ।

चालु आवको नौ महिनामा रु. चार अर्ब ३३ करोड ८२ लाख ७७ हजार सङ्कलन गर्ने लक्ष्य रहेकामा रु. तीन अर्ब ९७ करोड ६७ लाख चार हजार सङ्कलन भएको उक्त कार्यालयका प्रमुख आनन्दकुमार गुप्ताले राससलाई जानकारी दिनुभयो ।

हालसम्म आयकरवापत रु. एक अर्ब १४ करोड ९४ लाख ५२ हजार, बहालकरवापत रु. तीन करोड १८ लाख ९९ हजार , व्याजकरवापत रु. छ करोड १७ लाख ८५ हजार, मूल्य अभिवृद्धिकरवापत रु. ८१ करोड ९४ लाख २० हजार, अन्त:शुल्कवापत एक अर्ब ८८ करोड ८५ लाख ७१ हजार, स्वास्थ्य सेवाकरवापत रु. तीन लाख १० हजार, शिक्षाकरवापत रु. एक हजार तथा अन्य वापत दुई करोड ५२ लाख ६६ हजार गरी कुल रु. तीन अर्ब ९७ करोड ६७ लाख चार हजार राजस्व सङ्कलन भएको कार्यालय प्रमुख आनन्दकुमार गुप्ताले जानकारी दिनुभयो ।

यसैबिच, समयमा राजस्व दाखिला नगर्ने १२५ व्यावसायिक 'फर्म'लाई कारबाही प्रक्रिया बढाएइएको जानकारी दिँदै कार्यालय प्रमुख गुप्ताले कारबाहीको सूचना सार्वजनिक भएपछि १० वटा व्यावसायिक फर्मले रु. चार करोड ३० लाख दाखिला गरेका बताउनुभयो । आन्तरिक राजस्व कार्यालयमा एक लाख ६६ हजार ६५२ करदाता दर्ता छन् । ***(रासस)***

# यदु स्मृति पत्रकारिता पुरस्कार दाहाललाई

काठमाडौँ, ९ वैशाख । यदु स्मृति पत्रकारिता पुरस्कार नेपाल टेलिभिजनका पत्रकार धनवीर दाहाललाई प्रदान गरिने भएको छ ।

पुरस्कार सिफारिस समितिको मङ्गलबारको बैठकले पत्रकार दाहाललाई रु. २५ हजार राशिको उक्त पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो । दुई दशकदेखि पत्रकारितामा संलग्न पत्रकार दाहाल २०६२/६३ को आन्दोलनका घाइते हुनुहुन्छ । ***(रासस)***

# नवलपरासीमा आगलागी बाह्र घर जले

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), ९ वैशाख । पश्चिम नवलपरासीको प्रतापपुर- ५ भैरमपुरका १२ घर जलेका छन् । त्यसबाट रु. चार करोड बढीको क्षति भएको छ । आगलागी मङ्गलबार दिउँसो भएको हो ।

जिल्ला प्रहरी कार्यायलका सूचना अधिकारी वीरदत्त पन्तका अनुसार सबै घर खरानी भएका छन् । घरमा रहेका जिन्सी र नगदसहित रु. चार करोड ४४ लाख ८० हजार बराबरको क्षति भएको अनुमान गरिएको छ ।

यसैबिच, प्रतापपुर गाउँपालिका र नेपाल रेडक्रस सोसाइटीले अग्निपीडितलाई राहत सामग्री वितरण गरेका छन् । प्रतिनिधिसभा सदस्य विक्रम खनालले पनि पीडितहरूलाई राहत सामग्री उपलब्ध गराउन आफू क्रियाशील रहेको राससलाई बताउनुभएको छ । ***(रासस)***

# गर्मी बढेसँगै बाँकेमा देखिन थाले विषालु सर्प

नेपालगन्ज (बाँके), ९ वैशाख । गर्मी बढेसँगै बाँकेमा विभिन्न प्रजातिका विषालु सर्प देखिन थालेका छन् । खासगरी रसेल भाइपर, फेटारा, गोबन, करेत, धामन, अजिङगरलगायतका सर्प देखिन थालेको डिभिजन वन कार्यालयले जनाएको छ ।

वन कार्यालयका सिनियर डिभिजन वन अधिकृत शङ्करप्रसाद गुप्ताले गर्मी खप्न नसक्ने अवस्थाले सर्प चिसोको खोजीमा बाहिर निस्कँदा केहीको घरमा पसेको उल्लेख गर्दै ती सर्पको उद्धार गरिएको बताउनुभयो । "अहिले दैनिकजसो एउटा सर्पको बस्तीबाट उद्धार गरिएको छ र कहिलेकाहीँ दिनमा तीन सर्पको समेत उद्धार गरिएको छ", उहाँले भन्नुभयो ।

उहाँले अहिलेको गर्मीमा विगतको वर्षभन्दा बढी सर्प जमिन बाहिर देखिएको जानकारी दिँदै ती सर्पको उद्धार गरेर जङ्गलमा लगेर छाडिएको बताउनुभयो । यस आर्थिक वर्षमा चिसोयाममा समेत सर्पको उद्धार भएको थियो ।

उहाँले अहिलेसम्म यस आर्थिक वर्षमा १४० विभिन्न प्रजातिका सर्पको उद्धार गरिएको जानकारी दिनुभयो । सर्प उद्धार गर्नका लागि सशस्त्र वनरक्षक थीरबहादुर थापाको संयोजकत्वमा उद्धार टोली गठन गरिएको गुप्ताको भनाइ छ ।

सो टोलीलाई केही उपकरणसहित सामान्य तालिम दिइएको उल्लेख गर्दै उहाँले नेपालगन्जबाहेक कोहलपुरबाट समेत सर्पको उद्धार भएको बताउनुभयो । बाँके राष्ट्रिय निकुञ्ज तथा त्यसको मध्यवर्ती क्षेत्रबाहेक जिल्लाका सम्पूर्ण भूभाग डिभिजन वन कार्यालयको कार्यक्षेत्रभित्र पर्ने डिभिजन वन कार्यालयले जनाएको छ ।

यसैबिच, बाँकेमा वनमा हुने आगलागीका घटना नियन्त्रण गर्न 'फायर एम्बुलेन्स' टोली तयारी अवस्थामा राखिएको छ । वन अधिकृत गुप्ताले अग्नि हेरालुसहित वनमा फायर लाइन बनाउने काम जारी रहेको बताउनुभयो । बाँके राष्ट्रिय निकुञ्जबाट सरेको आगो शम्शेरगन्जमा निभाइएको उहाँको भनाइ छ । "केही आगलागी वनमा भएको थियो तर अहिले नियन्त्रणमा आइसकेको छ", उहाँले भन्नुभयो । ***(रासस)***



**राजारानी सिमसार**

मोरङको लेटाङ नगरपालिका-१ स्थित पर्यटकीय क्षेत्र राजारानी सिमसार । पछिल्लो समय यस क्षेत्र आन्तरिक पर्यटकहरूको रोजाइमा पर्ने गरेको छ ।

*तस्बिर : विवेक मिश्र/रासस*

# बाँकेमा विपद् व्यवस्थापनमा अभ्यास

नेपालगञ्ज (बाँके), ९ वैशाख । बाँकेको नेपालगञ्जमा 'फायर बाइक'देखि स्वयंसेवकसम्म विपद् व्यवस्थापनमा नयाँ अभ्यास गरिएको छ । 'विपद् जोखिम र व्यवस्थापनमा मिडिया वकालत' विषयक अन्तक्रियामा सो अभ्यास भएको जानकारी दिइएको हो ।

सो अवसरमा लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष डा. डिल्लीराज अर्यालले विपद्मा बहुआयामिक विश्लेषण गरेर योजना तर्जुमा गर्न आवश्यक रहेको उल्लेख गर्दै प्रदेश सरकारले विपद्लाई उच्च प्राथमिकतामा राखेको बताउनुभयो ।

उहाँले विपद्का कतिपय जोखिम नियन्त्रण बाहिर रहेकाले चनाखो हुन आग्रह गर्दै यसका लागि विपदको पूर्वतयारी आवश्यक भएको धारणा व्यक्त गर्नुभयो ।

नेपालगन्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले विपद्का विभिन्न क्षेत्रमा उपमहानगरपालिकाले सुपर परियोजनासँग सहकार्य गरेको जानकारी दिँदै नेपालगन्जमा 'हिट वेभ' कार्ययोजना प्रभावकारी बनाउन थालिएको बताउनुभयो । उहाँले भन्नुभयो "विपद्को विषय तीन तहका सरकारको साझा दायित्व हो ।"

दाङको राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टले नेपालगन्ज उपमहानगरपालिकाले गरिरहेका असल अभ्यासको आफूहरूले पनि अनुकरण गर्ने बताउँदै आफ्नो पालिकाले गरिरहेका अभ्यासबारे पनि जानकारी गराउनुभएको थियो ।

आगलागी भएको अवस्थामा नेपालगन्ज उपमहानगरपालिकामा तीन दमकल, एउटा फायर ब्रिगेड बाइक रहेको छ । उपमहानगरपालिकाको दमकल शाखाका इन्चार्ज झैनबहादुर खड्काले नेपालगन्जमा विद्युतीय अनियमितताका कारण धेरै आगलागीका घटना भएको जानकारी दिँदै सूचना प्राप्त हुनासाथ दमकल घटनास्थलमा पुगको बताउनुभयो ।

विपद्का घटनाको अध्ययन र विश्लेषणका आधारमा नेपालगन्ज उपमहानगरपालिका वडा नं ३ र ७ लाई उच्च जोखिमयुक्त क्षेत्रका रूपमा पहिचान गरिएको छ । पुरानो बस्ती, माटोका घर र साँघुरा बाटोका कारण यहाँ जोखिम बढी देखिएको सुपर परियोजना कार्यसञ्चालन केन्द्रका सूचना अधिकत रूपन ज्ञवालीले जानकारी दिनुभयो । ती दुई वडामा ४०० जनालाई 'सामुदायिक विपद् स्वयंसेवक'का रूपमा तयार पारिएको र उनीहरूलाई आगलागी नियन्त्रण, भूकम्प तथा डुबानबाट सुरक्षित रहने उपायबारे तालिम दिइएको उहाँको भनाइ छ ।

पश्चिम नेपालको प्रमुख सहरका रूपमा विकसित हुँदै गएको नेपालगन्जमा अव्यवस्थित सहरीकरणले जोखिम झन् बढाएको छ । यस जिल्लामा करिब २५ हजार घरपरिवारका एक लाख ५० हजार नागरिक विभिन्न विपद्बाट प्रभावित हुनसक्ने पूर्वानुमान गरिएको छ । ***(रासस)***

# गहुँका नल सफाइ गर्दा खेतबारीमा आगो नलगाउन पालिकाद्वारा आग्रह

टीकापुर (कैलाली), ९ वैशाख । कैलालीका स्थानीय पालिकाहरूले खेतबारीमा आगो नलगाउन नागरिकलाई अनुरोध गरेका छन् । पालिकाहरूले किसानले गहुँ बाली भित्र्याइसकेपछि खेत सरसफाइ गर्ने जनाउँदै आगो लगाउने कार्य नगर्न सूचना गरेर अनुरोध गरेका छन् । खेतबारीमा आगो लगाउँदा माटो सुरक्षामा असर पर्ने, वातावरण प्रदूषित हुनुका साथै बस्तीमा आगलागीको जोखिम बढ्ने भएकाले आगो नलगाउन सूचना गरेका हुन् ।

सुदूरपश्चिमका कैलाली र कञ्चनपुरमा किसानले गहुँ भित्र्याउने काम सकिएको छ । बारीमा रहेका गहुँका नल सफाइ गर्न किसानले खेतबारीमा आगो लगाउँदा धनजनको क्षतिका घटना हुने भएकाले सचेत हुन कैलालीको जानकी गाउँपालिकाले आग्रह गरेको छ ।

गाउँपालिकाले गहुँ बाली भित्र्याउने क्रममा निस्किएको नल/भुसा खेतमा नजलाई गौशालामा रहेका गाईवस्तुको आहाराका लागि नि:शुल्क उपलब्ध गराइदिन अनुरोध गरेको विपद् सम्पर्क व्यक्ति नेत्रप्रसाद जैसीले जानकारी दिनुभयो । टीकापुर नगरपालिका-२ मा रहेको गौशालामा जानकी गाउँपालिका र टीकापुर नगरपालिका क्षेत्रका छाडा वस्तुभाउ राख्ने गरिएको छ । गौशालामा रहेका गाईवस्तुलाई आहारा अभाव भएका बेला किसानले खेतबारीमा आगो लगाएर आहारा नष्ट गर्नुभन्दा पशुलाई उपलब्ध गराउनु असल कर्म हुने जानकी-४ का रतन धामीको भनाइ छ ।

जोशीपुर गाउँपालिकाले खेतमा आगो लगाउँदा मानव बस्ती आगलागीजन्य घटना बढेकाले आगो नलगाउन आह्वान गरेको छ । "आगो लगाउँदा सुक्ष्म जीवहरू मर्न गई माटोका उर्वराशक्ति ह्रास हुन्छ, माटोको भौतिक, जैविक र रासायनिक गुण बिग्रन्छ", गाउँपालिकाका कृषि अधिकृत सञ्जय चौधरी भन्नुहुन्छ, "वातावरण प्रदूषण हुने, पशु आहारामा कमी हुने हुँदा भुसा सङ्कलन गरी पालिकाले सञ्चालन गरेको गौशालामा बिक्री गरी सघाउन अनुरोध गरेका छौँ ।

पालिकाले गहुँको भुसाको मूल्य तोकेर बिक्री गर्ने किसानलाई पालिकामा आवेदन दिन सूचना गरेको छ । पालिकाले किसानको भुसा पशुको आहाराका लागि खरिद गर्ने भएको छ । पालिकाले तोकेको मूल्यअनुसार प्रतिट्रली भुसा रु. तीन हजार ७००, प्रतिडनलप रु. दुई हजार ५०० तोकेको छ । किसानको भुसा पालिकाले खरिद गर्ने, बिक्री गर्ने किसानले जोशीपुर-३ बञ्जरियामा रहेको काञ्जी हाउसमा पुर्याउनुपर्ने जनाएको छ ।

# सिक्टा सिँचाइ आयोजनाद्वारा २४ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा

राँझा (बाँके), ९ वैशाख । सिँचाइ सुविधाको विस्तारसँगै बाँकेका किसानले वर्षमा तीन बाली खेती गर्न थालेका छन् । अकासे पानीको भरमा खेती गर्नुपर्ने बाध्यता अब हटेको छ । विगतमा बर्खेधान स्याहारेपछि सिँचाइको अभावमा खेत बाँझै राख्दै आएका किसानले अहिले धान स्यहारेपछि आलु वा तोरीखेती लगाउने र त्यसलगत्तै वसन्ते मकैखेती गरी वर्षमा तीन बाली खेती गर्न थालेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी वरिष्ठ बागवानी विकास अधिकृत सन्तोष पाठकले बताउनुभयो ।

"सिँचाइको व्यवस्था भएसँगै तीन बाली खेतीतर्फ किसानको आकर्षण बढ्दै गएको छ, आलु र वसन्ते मकैबाट किसानले नगद कमाइरहनुभएको छ", उहाँले भन्नुभयो, "बर्खेधान स्यहारिसकेपछि गहुँखेती गर्ने किसान दुई बालीमा सीमित हुनुहुन्छ भने गहुँखेतीको सट्टा तोरी वा आलुखेती गर्ने किसानले मकैखेतीसमेत गर्न भ्याउनुभएको छ ।"

गहुँखेतीको तुलनामा तोरीखेती वा आलुखेती छिटो तयार हुने भएकाले त्यसलगत्तै मकैखेती समेत गर्न सकिने भएकाले तीन बाली खेती गर्न कृषि ज्ञान केन्द्रले समेत प्रोत्साहन गर्दै आएको अधिकृत पाठकले जानकारी दिनुभयो । बाँके जिल्लामा सिञ्चित क्षेत्र लक्षित बाली सघनता वृद्धि कार्यक्रमअन्तर्गत तीन बाली खेती गर्ने किसानलाई वसन्ते मकैखेतीमा ज्ञान केन्द्रले बीउ तथा प्राविधिक सहयोग गरेर प्रोत्साहन गर्दै आएको उहाँको भनाइ छ ।

बाँकेमा बर्खेधान ३३ हजार ७८० हेक्टर, गहुँखेती २० हजार ८९५ हेक्टर, वसन्ते मकै तीन हजार ५००, आलु तीन हजार २५०, तोरी छ हजार ५३०, हिउँदे मकै १३५ हेक्टर क्षेत्रमा खेती हुँदै आएको छ । सिक्टा सिँचाइ आयोजनाले नहरमा पानी छोडेपछि खेती गर्न किसानलाई सहज हुँदै आएको छ । सिक्टा सिँचाइको पानी नपुगेको क्षेत्रमा कृषि ज्ञान केन्द्रले सिँचाइका लागि ५० प्रतिशत अनुदानमा सहकारी र कृषक समूहलाई बोरिङ वितरण गरेको पाठकले बताउनुभयो ।

किसानलाई सिँचाइको अभाव हुन नदिन खेती गर्ने समयमा सिक्टाले नहरमा पानी छोड्दै आएको सिक्टा सिँचाइ आयोजनाका निर्देशक राजु आचार्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार राप्तीसोनारी गाउँपालिका-२ अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी सञ्चालन गरिएको आयोजनाले जिल्लाको ४२ हजार ७६६ हेक्टर जमिनमा सिँचाइको लक्ष्य लिएकामा आव २०८२/८३ को चैत मसान्तसम्म आइपुग्दा २४ हजार हेक्टर जमिनमा प्रत्यक्ष सिँचाइ सुविधा पुऱ्याएर किसानको अनुहारमा खुसी छर्ने प्रयास गरेको छ ।

।सम्पादकीय।

# सिद्धान्त र विचार नै दललाई चिन्ने आधार

कुनै पनि दललाई चिन्ने आधार दलको सिद्धान्त, विचार र दर्शन नै हो । सिद्धान्त र विचारको आधारमा त्यो दलको दृष्टिकोण थाहा हुन्छ र त्यो दलले कुन वर्गका जनताको सेवा गर्छ भन्ने स्पष्ट हुन्छ । दललाई चिन्ने आधार दलको नाम होइन । दलको नाममा कम्युनिस्ट उल्लेख भए पनि त्यो दल सच्चा कम्युनिस्ट हुन्छ या आचरणअनुसार अघि बढेको छ भन्ने कुरा होइन । कुन दल सही र गलत छुट्याउने आधार पुँजीवादी निर्वाचनमा त्यो दलले प्राप्त गरेको मतलाई आधार मान्नु उचित हुँदैन । निर्वाचनमा दलले कहिले बहुमत प्राप्त गरेको हुन्छ भने कहिले अल्पमत । बहुमत प्राप्त हुँदा त्यो दल सही र अल्पमत पाउँदा गलत भन्न मिल्दैन । पुँजीवादी व्यवस्थाको निर्वाचनमा पैसाको खोलो बग्ने हुँदा, धाक धम्की र लहैलहैमा मत राख्ने हुँदा दलले पाउने मतमा हेरफेर हुन्छ । अतः निर्वाचनमा दलले प्राप्त गरेको मतको आधारमा त्यो दललाई सही र गलत भनी मूल्याङ्कन गर्नु सान्दर्भिक हुने छैन ।

कुनै पनि दल सिद्धान्त र विचारको आधारमा चल्नुपर्छ । दलको सिद्धान्त र विचारअनुसार चलेको छैन या गतिविधि भएको छैन भने त्यो सही दल होइन भन्ने कुरा बुझ्नुपर्छ । देशमा रहेका कम्युनिस्ट भनिने दलहरूको मार्ग निर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद रहेको छ । तर, कति दलहरू मार्क्सवाद-लेनिनवादको सिद्धान्तअनुसार चलेका छैनन् । मार्क्सवाद-लेनिनवादलाई नेपालको माटो सुहाउँदो उपयोग नगर्दा या आफ्नै अनुकूल पार्टी सञ्चालन गर्दा कम्युनिस्ट पार्टीको आन्दोलन र कम्युनिस्ट पार्टीको स्थिति कमजोर भएको देखिन्छ । देशका सबै कम्युनिस्ट पार्टी मार्क्सवाद-लेनिनवादको अवधारणाअनुसार लागेका भए, कुर्सी र भागबन्डाको राजनीतिमा नफसेका भए कम्युनिस्ट पार्टी अघि बढेको हुन्छ । कम्युनिस्ट पार्टीको मर्म उल्लङ्घन गरेर, वर्गसङ्घर्षको भावना छोडेर पुँजीवादी सरकारमा नफसेको भए नेपालको कम्युनिस्ट पार्टी अघि बढ्थ्यो र आमूल परिवर्तनको निम्ति पूर्वाधार बन्थ्यो ।

कम्युनिस्ट पार्टीको उद्देश्य देशका शोषित पीडित जनताको सेवा गर्नु हो; कम्युनिस्ट पार्टी गरिखाने वर्गको लागि हो । तर, पहिले सरकारमा पुगेका कम्युनिस्टहरू श्रमजीवीवर्गको पक्षमा गएनन्; न्याय, समानता र सुरक्षाको निम्ति अघि बढेनन् । पुँजीपतिवर्गको पक्षपोषण गर्ने, सरकारको नेतृत्व गर्न या सरकारमा जानको निम्ति सामन्त, पुँजीपति वर्गसँग साँठगाँठ गर्ने दल कसरी कम्युनिस्ट पार्टी हुन्छ ? कम्युनिस्ट पार्टीले पार्टीको उद्देश्यअनुसार कार्य गर्न नसक्दा, अघि नबढ्दा कम्युनिस्ट पार्टी पछि पर्नु स्वाभाविक हो । मार्क्सवाद-लेनिनवाद पार्टीको पथ प्रदर्शक हो भने तद्नुसार राजनीति गर्नुपर्ने हो । सरकारमा गएको कम्युनिस्ट पार्टीले एकातिर दलको उद्देश्यअनुसार काम गर्न सकेन भने अर्कोतिर जनताको भावनाअनुसार पनि काम गर्न सकेन । यो कम्युनिस्ट पार्टीको कमजोरी हो

हो, विभिन्न संसदीय निर्वाचनमा कम्युनिस्ट पार्टीले पाएको मतमा एकरूपता छैन । कम्युनिस्ट पार्टीले फरक फरकको निर्वाचनमा फरक फरक मत पाएको थियो । त्यही फरक मतको आधारमा कुनै दललाई ठीक र बेठीक छुट्याउँदा मूल्याङ्कन सही हुने छैन । गलत बाटो लिएका अवसरवादी र वामपन्थी कम्युनिस्ट पार्टीले समाज परिवर्तनको बाटो खोज्दैन, परिवर्तनको निम्ति आधारभूमि तयार गर्दैन । देशका सबै कम्युनिस्ट पार्टीहरू मार्क्सवादी र लेनिनवादीको अवधारणाअनुसार अघि बढ्नुपर्छ; अघि बढ्न आफ्नो बाटो खोज्नुपर्छ । कम्युनिस्ट पार्टीको सिद्धान्त र विचारको गन्थन छोडेर पुँजीवादी पार्टीको दृष्टिकोण समालेर कम्युनिस्ट पार्टीको लक्ष्य पूरा गर्न सकिँदैन । यो समयमा कम्युनिस्ट पार्टीहरू अझ सचेत र चनाखो भएर लाग्नुपर्छ ।

नेपालको सन्दर्भमा कम्युनिस्ट पार्टीलाई कसरी अघि बढाउने भन्ने सन्दर्भमा बहस गर्नु आवश्यक छ । मार्क्सवाद-लेनिनवादलाई नेपालको माटो सुहाउँदो कसरी उपयोग गर्ने, नेपालको सन्दर्भमा कम्युनिस्ट आन्दोलन कसरी अघि बढाउने भन्नेबारे चिन्तनमनन गर्नु आवश्यक छ । सबै कम्युनिस्ट पार्टीको मार्ग निर्देशक मार्क्सवाद-लेनिनवाद हो भने त्यसलाई बुझ्ने र हेर्ने दृष्टिकोणमा कसरी फरक आयो ? सरकारमा पुगेका कम्युनिस्ट पार्टीले वर्गसङ्घर्षको बाटो किन लिएन ? कम्युनिस्ट पार्टीको मूल सिद्धान्त र विचारलाई ढाल बनाएर सिद्धान्त र विचार नै छोडी पुँजीवादी राजनीति गरेर देशमा कसरी आमूल परिवर्तन हुन्छ ? अतः देशका सबै कम्युनिस्ट पार्टीहरू आमूल परिवर्तनको निम्ति लागेमा कम्युनिस्ट पार्टीको छाप जनतामा पर्नेछ; जनताले पनि कम्युनिस्ट पार्टीलाई विश्वास गर्नेछन् ।

# न्यायालय पनि लामो समयदेखि दबाबमा बाँच्ने गरेको देखिन्छ



रामप्रसाद प्रजापति

**न्यायको हक**

न्यायको हक भनेको कानुनी रूपमा न्याय पाउने अधिकार हो । कसैले तपाईँमाथि अन्याय गर्छ भने तपाईँले अदालत वा सम्बन्धित निकायमा गएर निष्पक्ष निर्णय माग्ने अधिकार पाउनु नै 'न्यायको हक' हो ।

न्यायको हकमा मुख्य रूपमा अदालतमा आफ्नो समस्या लिएर उजुरी दिन पाउने हक, कसैको पक्षपातबिना निष्पक्ष सुनुवाइको माध्यमबाट न्याय पाउने हक, सबैलाई कानुनबमोजिम समान रूपमा व्यवहार हुने अधिकार, कानुन व्यवसायी (वकिल) राख्न पाउने हक, ढिला नगरी न्याय पाउने अधिकार हुनुपर्दछ ।

नेपालको संविधानको धारा २० ले न्यायसम्बन्धी मौलिक हकको व्यवस्था गरेको छ । संविधानको धारा २० मा देहायबमोजिमको हक अधिकारको व्यवस्था गरेको पाइन्छ ।

"कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन ।"

पक्राउमा परेको व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानुन व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ ।

पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्यादबाहेक चौबिस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन ।

यस सन्दर्भमा हालै नेपाल सरकारले शनिबार र आइतबार हप्तामा दुई दिन बिदा दिने निर्णय गरेपछि अदालत ४८ घण्टासम्म बन्द रहने अवस्था भएकोले २४ घण्टाभित्र अदालतमा उपस्थित गर्ने प्रयोजनका लागि अदालत खुला रहने सर्वोच्च अदालतको पूर्ण बैठकबाट निर्णय गरी मातहतका न्यायिक निकायहरूलाई परिपत्र गरेको छ ।



सर्वोच्च अदालतले चैत २७ गते जारी गरेको परिपत्रमा "२४ घण्टाभन्दा लामो अवधिको बिदा परेमा उपर्युक्त संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि तथा पक्राउ पुर्जीको अनुमति, जरुरी पक्राउ पुर्जीको स्वीकृति र हिरासतमा राख्ने अनुमतिको लागि पेस हुने मुद्दामा निकासको प्रयोजनको लागि बिदाको समयमा अदालत व्यवस्थासम्बन्धी निर्देशिका, २०७५ ले व्यवस्था गरेबमोजिमको आवश्यक प्रबन्ध गर्नु" भनिएको छ ।

त्यस्तै धारा २० मा तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानुनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।

कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार मानिने छैन ।

कुनै पनि व्यक्तिविरुद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन ।

कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध आफै साक्षी हुन बाध्य पारिने छैन । अर्थात्, आफू विरुद्धको कुरा बोल्न बाध्य पारिने छैन ।

प्रत्येक व्यक्तिलाई निजविरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ । प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ । असमर्थ पक्षलाई कानुनबमोजिम निःशुल्क कानुनी सहायता पाउने हक हुनेछ ।

यस अर्थमा नेपाल सरकारले सबै जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतमा एक/एक जना वैतनिक कानुन व्यवसायी रहने व्यवस्था गरेको पाइन्छ ।

**न्यायसम्बन्धी सिद्धान्त**

वास्तवमा न्याय एकले अर्कालाई गर्नुपर्ने व्यवहार हो । आफूले आफ्नो लागि सधैँ न्याय गरिरहेकै हुन्छ । न्याय अरुलाई अथवा अर्को पक्षलाई गरिने व्यवहार हो । जुन व्यवहार तपाईँले अरुलाई गर्दा अर्को पक्ष वा अरुलाई दुःख, पीडा, छटपटी, अन्यौल, ढिलासुस्ती हुन्छ भने त्यो व्यवहारले तपाईँले अर्को पक्ष वा अरुलाई न्याय गर्न सक्नुभएन । तपाईँले अर्को पक्षलाई अन्याय गर्दै हुनुहुन्छ ।

न्यायसम्बन्धी सिद्धान्तले न्याय व्यवहारिक रूपमा कसरी गर्ने भन्ने आधारभूत नियमहरूका बारेमा बताउँछ । ती नियमहरू न्यायलाई तराजुजस्तै सन्तुलित राख्ने अदृश्य डोरीहरू हुन् ।

न्यायसम्बन्धी सिद्धान्त वा नियमहरू लागू गर्दा समानताको सिद्धान्त, निष्पक्षताको सिद्धान्त, प्राकृतिक न्यायको सिद्धान्त, कानुनको शासन (Rule of Law), उचित प्रक्रिया (Due Process), छिटो छरिटो न्याय, प्रमाणमा आधारित न्यायजस्ता खम्बाहरूमा उचित ध्यान दिनुपर्दछ ।

ती नियमहरूले सबै मानिसलाई कानुनको अगाडि समान रूपमा व्यवहार गर्नुपर्छ । धनी-गरिब, शक्तिशाली-कमजोर सबै बराबर हुनुपर्छ । निर्णय गर्दा निर्णयकर्ताले कुनै पक्षपात गर्नु हुँदैन । तटस्थ हुनुपर्दछ । विवादमा परेका दुवै पक्षलाई आफ्नो भनाइ राख्ने उचित मौका दिनुपर्दछ । आफ्नो मुद्दामा आफै न्यायाधीश बन्न मिल्दैन । कुनै पनि निर्णय वा दण्ड सजाय गर्दा कानुनले तोकेका निश्चित प्रक्रिया पूरा गर्नुपर्दछ । ढिलो न्याय भनेको अन्यायजस्तै हो, त्यसैले समयमै निर्णय दिनुपर्छ । निर्णय वा फैसला भावना वा अनुमानको आधारमा होइन, तथ्य, सबुद प्रमाणको आधारमा दिनुपर्छ भन्ने जस्ता महत्त्वपूर्ण कुरा न्यायसम्बन्धी सिद्धान्तले बताउँछ ।

अब विचार गरौँ के हामीले आफ्नो जीवनमा आफूले यस्तो व्यवहार गर्दै आएका छौँ त ? के नेपालका न्यायालयले यस्तो व्यवहार देखाउँदै आएको छ त ?

न्यायिक मन, विवेक, व्यवहार व्यक्तिगत रूपमा हामीले यस्तो व्यवहार न आफ्नो व्यक्तिगत जीवनमा, न नेपालको न्यायालयबाट प्रदर्शन गर्न सकेका छौँ ।

यसको लागि गहिरो अध्ययन, सामाजिक व्यवहार, नैतिक शिक्षा, न्याय र विवेकशील मानव समुदायको आवश्यकता पर्दछ ।

तपाईँ अस्पतालमा लाइन मिचेर अगाडि बढ्नुलाई सफलता मान्नु हुन्छ भने तपाईँ अरु कसैलाई अन्याय गर्दै हुनुहुन्छ ।

तपाईँ न्यायालयबाट आफ्नो मुद्दा छिटोछरिटो टुङ्ग्याउन कुनै दबाब दिइरहनुभएको छ, कसैलाई प्रभावित बनाउनुभएको छ भने तपाईँले आफूले न्याय पाउने बहानामा अरु धेरै मानिसलाई अन्याय गर्दै हुनुहुन्छ ।

त्यसैले त न्यायालयले ढिलो न्याय गरेकोमा आलोचित हुनु परिरहेको अवस्था विद्यमान छ । न्यायालयले सेवाग्राहीलाई गर्ने व्यवहारले मुद्दा जितेको पक्षले समेत सन्तुष्टि पाए भन्न सकेको अवस्था छैन ।

किनभने, मुद्दा जित्नलाई गर्नुपरेको सङ्घर्ष, दुःख हैरानी, कर्मचारीका व्यवहार, विपक्षी र विपक्षीका कानुन व्यवसायीले देखाउने व्यवहार, न्यायाधीशको मुद्दा पन्छाउने प्रक्रियागत कारण, चर्को शुल्क, ढिलासुस्ती, लामो न्यायिक प्रक्रिया, बढी औपचारिकतालगायतका सयौँ कारणहरूले मुद्दा फैसला भएर जितेका पक्षले समेत आफूले न्याय पाएको अनुभूत गर्न सकिरहेको छैन ।

यस्तो अवस्थामा के न्यायालय (अदालत) र न्यायाधीश/न्याय सेवाका कर्मचारीहरू खुसी र सन्तुष्टि छन् त ?

पक्कै छैन ।

२०८३ सालको वैशाख महिनाको ४ गते शुक्रबार सर्वोच्च अदालतका न्यायाधीश हरि फुयालले सामाजिक सन्जाल, फेसबुकमा बिहान करिब ९:३० बजे सात वटा थोप्लाहरू मात्रै भएको स्टाटस पोस्ट गर्नुभयो ।

उक्त पोस्टमा टिप्पणी गर्ने कसैले पनि उक्त पोस्टलाई सकारात्मक ऊर्जाको सङ्केतको रूपमा लिएका छैनन् । उहाँ रोलक्रममा नेपालको सर्वोच्च अदालतको प्रधानन्यायाधीश हुने व्यक्ति हुन् ।

विज्ञहरूका अनुसार अहिले अदालत व्यापक कामगरी खाने नेपाली जनताको हुन सकेको देखिँदैन । सधैँ न्यायालय नेता र धनीमानीका मात्रै देखिए । नेपाल प्रहरी, सरकार, अड्डा अदालत र प्रशासन जनताको कहिल्यै हुन नसकेको अनुभूत गर्दछन् ।

कुनै व्यक्तिलाई पक्राउ गरी २४ घण्टामा मुद्दा हेर्ने अधिकारी वा जिल्ला न्यायाधीशसामु प्रस्तुत गर्नुपर्ने कानुन त छ तर न्याय गर्ने ठाउँमा पदासीन व्यक्तिले पक्राउ पर्ने व्यक्तिलाई थुनामा राख्नुपर्ने सबुद प्रमाण लिएर आएको हुँदैन ।

यस्तो अवस्थामा पनि कुनै न्यायाधीशले "पहिले प्रमाण ल्याऊ, अनि थुनाको कुरा गर" भन्दैन । बिनाप्रमाण पक्राउ गरी थुनामा राख्ने अनुमति लिन आउने प्रहरी प्रशासनलाई "यस्तै कुरा लिएर आयौ भने तिम्रो र तिम्रो हाकिमको डिमोसनका लागि सिफारिस लेखी दिन्छु" भन्दैन ।

यस्तो भन्न सक्ने न्यायाधीशको आवश्यकता छ । अनि आम नागरिकको सुरक्षा सम्भव छ । नेपालमा त्यस्तो अवस्था नभएको हुँदा सबै असुरक्षित महसुस गर्दछन् ।

अदालत न्याय गर्ने ठाउँ हो । तर, नेपालमा अदालतहरू पनि लामो समयदेखि दबाबमा बाँच्ने बानी परेको छ । नेपालका न्यायाधीशहरूले अनुसन्धान प्रतिवेदन नै नहेरी अहिलेलाई कानुनबमोजिम थुनामा राख्न पाउने अवधि बाँकी नै रहेकोले यति दिनको लागि थुनामा राखी अनुसन्धान गर्नु भन्ने औपचारिक आदेश दिने गरेको पाइन्छ ।

कानुनले प्रस्ट रूपमा किटान नगरिएको अवस्थामा कुनै पनि व्यक्तिलाई थुनामा राख्न पाउने होइन । नेपालमा लगभग सबै मुद्दाहरूमा पहिलो पटक पक्राउ परेको मानिसलाई अदालत लैजाँदाको अवस्थामा प्रहरी वा अपराध अनुसन्धान अधिकृतसँग कुनै प्रमाण हुँदैन ।


प्रहरीले कुनै एउटा सिद्धान्त लिएर गएको हुन्छ । यस्तो यस्तो मुद्दाको श्रीमान् थुन्न पाएदेखि प्रमाण सङ्कलन सजिलो हुन्थ्यो । तर, हाम्रो कुनै न्यायाधीशले भन्दैन कि "पहिले प्रमाण लेऊ, अनि थुनाको कुरा गर ।"

त्यसैले न्यायालय सुधारका लागि न्यायालयको स्रोत सरकार, न्याय परिषद्, सर्वोच्च अदालत र न्यायालयका अङ्गहरूमात्रै नभई समग्र नेपाली जनताको न्यायिक मन, न्यायिक व्यवहारमा सुधारको खाँचो छ ।

*२०८३ वैशाख ६*

# बेलायतको मेसिनविरोधी 'लुडाइट' आन्दोलन

✍ का. रोहित




बेलायतमा पुँजीवादको विकासले देशको सारा सम्पत्ति कारखानाको मालिक, व्यापारी, साहु, महाजन र बैङ्कपतिहरूको हातमा थुप्रिँदै गयो। जनतामा गरिबी र भोकमरी फैलिँदै गयो। कारखानाहरूमा नयाँ-नयाँ मेसिनहरू जडान हुँदै थियो। ५०- ६० जना जुलाहा र कालिगडले गर्ने काम एउटै मेसिनले भ्याउँथे। थोरै मजदुरहरूबाट छिटछिटो र धेरै-धेरै सामान तयार हुन थाल्यो। त्यसले गर्दा जुलाहा, कालिगड र मजदुरहरूको खाँचो घट्न थाल्यो। तिनीहरूको ज्याला घट्दै गयो। पुराना मजदुरहरूको कामसमेत मेसिनले नै गर्ने भएकोले तिनीहरूले पनि काम पाउन छोडे र तिनीहरू कारखानाहरूबाट निकालिन थाले। काम नपाउने मजदुरहरूको सङ्ख्या बढ्दै गयो र मानिसहरू भोकभोकै मर्न थाले। काम गर्न चाहने ज्यामीहरूको छेलोखेलो थियो, काम थिएन र ज्यालाको दर घट्न थाल्यो अथवा कारखानाका मालिकहरूले ज्याला घटाउन थाले।

यस्तो गाह्रो बेलामा मजदुर र ज्यामीहरू आपसमा सरसल्लाह गर्न र आ-आफ्ना सङ्गठनहरू बनाउन थाले। काम-माम पाउनको निम्ति तिनीहरूले हडताल, जुलुस र धर्ना दिन थाले। बेलायतको सरकारले मजदुर-ज्यामीहरूको सङ्गठन बनाउन नपाउने ऐन बनायो, सरकारको त्यस ऐनले मजदुर जनता झन् रिसाए। अब तिनीहरूले भित्रभित्र लुकीचोरी गुप्त सङ्गठनहरू बनाउन थाले। ती सङ्गठनहरूमध्ये एउटा सङ्गठनको नाम 'मजदुर साथीहरूको सभा' थियो। त्यस सँगसँगै 'लुडाइटहरूको सङ्घ' भन्ने एक अर्को गुप्त मजदुर सङ्गठन पनि काम गर्दै थियो।

'लुडाइट' कुनै एक लडाकु मानिस वा सङ्गठनको नेताको नामबाट सुरु भएको थियो। नेड लङ नाम गरेको एक युवक कालिगड त्यस सङ्गठनका नेता थिए। उनकै नामबाट त्यस सङ्गठनकै नाम 'लुडाइटहरूको सङ्घ' राखियो। त्यसको अर्थ हो- 'लडाकुहरूको सङ्घ'। मजदुरहरूको ज्याला घट्नु र काम नपाउनुको कारण नै नयाँ-नयाँ मेसिनहरू हुन् भन्ने कुरो त्यस सङ्गठनले ठम्यायो। हातले बुनेको भन्दा मेसिनले तयार गरेकोमा सामान राम्रो र असल हुन्न भन्ने धारणा पनि त्यसबेलाका मानिसहरूमा थियो। त्यसकारण, मजदुरहरूमात्रै होइन साधारण जनता पनि मेसिनलाई मनपराउँदैनथे।

बेलायतको दक्षिण-पश्चिम भागमा ऊनी कपडा र अरु कपडाका धेरै कारखानाहरू थिए। सन् १८०२ देखि १८०९ सम्ममा ती कारखानाहरूमा 'जिगमिल' भन्ने नयाँ मेसिन जडान गर्ने काम टुङ्गियो। ती मेसिनहरूले गर्दा त्यहाँका धेरै मजदुरहरू बेकामका भए। यसकारण, त्यस इलाकामा 'लुडाइट मजदुर सङ्घ' चालु हुन थाल्यो। मेसिनलाई जडान गर्न नदिन र त्यसलाई चालु गर्न नदिन मजदुरहरूले हडताल, जुलुस, धर्ना, घेराउ र विरोधका विभिन्न उपायहरू गरे। मेसिनलाई चलाउनै नदिने अनेकौँ सङ्घर्षहरू गरिए। तर, सरकारको पुलिस र पल्टनहरूले तिनीहरूको बाधा र विरोधलाई असफल बनाइ दिन्थे। स्थानीय पत्रपत्रिका र लोकमत मजदुरहरूको समर्थनमा थियो। लोकमतले लुडाइटहरूको मनोबललाई उठाइ दिन्थ्यो। लुडाइट मजदुर सङ्घले मेसिनलाई नै आफ्नो मुख्य शत्रु सम्झ्यो र मेसिनलाई ध्वस्त पारेपछि कारखाना फेरि मजदुरहरूबाटै चल्ने छ भन्ने कुरा ठम्याएको थियो। यसकारण, लुडाइटहरूले राति-राति भेष बदलेर वा मकुन्डो लगाएर कारखानाका मेसिनहरू फोर्ने कामहरू सुरु गरे। सरकारले मिल मालिकको मद्दत गर्न पुलिस र पल्टन पठाउँथ्यो, मजदुरहरूमाथि दबाउने काम सुरु गर्दथ्यो। कारखानाका मालिकहरूले मेसिनलाई मर्मत गराउँथे, पार्टपुर्जा फेर्थे वा नयाँ मेसिन जडान गरेर कारखानालाई फेरि चालू गर्थे।

बेलायतको बिच भागमा नोटिङ्घम भन्ने एउटा सहर छ। त्यहाँ धेरै कपडा कारखानाहरू थिए। १८११ को नोभेम्बरको महिना थियो। लुडाइटहरूले सबभन्दा पहिले त्यहीबाट मेसिन फोर्ने आन्दोलन सुरु गरेका थिए। तिनीहरूले नयाँ-नयाँ मेसिनहरू टुक्रा-टुक्रा गरेर फोरिदिन्थे, जगेडा सामानहरूमा आगो लगाइदिन्थे र कारखानाको कामधन्दालाई छताछुल्ल पारिदिन्थे। थुप्रै कारखानाहरू आगोले खरानी भए। त्यो आन्दोलन नोटिङघम र त्यसको छिमेकका जिल्लाहरूमा फैलिदै योर्कशायर, लङ्काशायर, डर्विशायर र लिसेस्टशायर जस्ता मुख्य मुख्य सहरसम्म फैलियो। जाडो महिनामा सुरु भएको त्यो आन्दोलन वसन्तसम्म चालु रह्यो, मध्य बेलायतदेखि उत्तरी बेलायतसम्म फैलियो।

लङ्काशायर कपडा कारखानाको एक केन्द्र थियो। त्यहाँ बेस्टहोटन भन्ने एक ठाउँ छ। बेस्टहोटनको कारखानामा भापले चल्ने मेसिन जडान गर्यो। १८१२ अप्रिलको महिनामा कपडा बुन्ने जुलाहा मजदुरहरूले त्यस भापको मेसिनमा आगो लगाइदिए।

हर्सफल नामको एक कारखाना मालिक थियो। ऊ साह्रै चुसाहा, निर्दयी र मजदुरविरोधी थियो। ऊ एक नम्बरको जाली र स्वार्थी थियो। उसले पुलिस बोलाएर मजदुरहरूलाई दबाउन दियो। ऊ बरोबर यस्तै गर्दथ्यो। त्यसकारण, मजदुरहरू ऊदेखि साह्रै रिसाएका थिए। मजदुरहरूले मेरो ज्यान लिने धम्की दियो भनेर उसले सरकारलाई उजुर गर्यो। उसकै उजुरअनुसार सरकारले त्यहाँ पुलिस र पल्टन पठायो। पल्टनका सिपाहीहरूले मजदुरहरूमाथि गोली हाने। गोली काण्डले मजदुरहरू त्यस वर्गशत्रु, कारखानाका मालिकसँग झन् रिसाए। तिनीहरूले बदला लिने निधो गरे। एक दिन मजदुरहरूले आफ्नो बाचा पूरा गरे, हर्सफलको ज्यान गयो। त्यसपछि कारखानाका मालिक पुँजीपतिवर्ग साह्रै तर्से र बहुला कुकुरझैँ रिसाउन थाल्यो। लुडाइटहरूको 'हत्या' र 'आतङ्क' को होहल्ला देशभरि फैलियो। पुँजीपतिवर्ग एक भए र लुडाइट आन्दोलनलाई दबाउन जुक्ति गर्न थाल्यो। मेसिन फोर्ने र पुँजीपति या मिल मालिकहरूमाथि हात हाल्नेहरूलाई ठुलो सजाय गर्ने ऐन बनाउन छलफल सुरु गरे।

बेलायतको सरकार त बेलायती पुँजीपतिवर्गको सञ्चालक समिति मात्रै थियो। प्रतिनिधिसभा वा संसद्ले पुँजीपतिवर्गकै सेवा गर्दथ्यो। त्यसको अत्यन्त ठुलो बहुमत पुँजीपतिवर्गकै सेवक हुन्थे। मेसिन फोर्ने र पुँजीपतिवर्गको ज्यान ताक्नेहरूलाई ठुलठुलो सजाय गर्ने ऐनको खेस्रा संसद्मा पुग्यो। त्यसले देशभरि नै ठुलो होहल्ला मच्च्यो। संसद्भित्र र बाहिर त्यस ऐनको विरोधमा आवाज उठ्यो। तर, पुँजीपतिवर्गको हुकुममा मजदुरवर्गको पक्षमा ऐन बन्ने कुरै थिएन। संसद्ले मजदुरविरोधी ऐन बनायो।

नयाँ ऐनअनुसार योर्कशायरमा कारखानाको मेसिन फोर्ने मजदुरहरूमध्ये १४ जवानलाई फाँसीको सजाय दिइयो। वेस्टहोटनको भापको मेसिनमा आगो लगाउने लङ्काशायरका जुलाहा मजदुरहरूमध्ये ४ जवानलाई फाँसीको सजाय दिइयो। अरु १७ जवान मजदुरहरूलाई ७ वर्षको कैद सजाय दियो। सजाय पाउनेहरूमध्ये लुडाइट सङ्घका नेता पनि थिए। त्यसले गर्दा त्यो आन्दोलन केही समयको निम्ति सेलायो।

परिस्थिति फेरिएन भने आन्दोलन दबाएर दबिन्न। १८१६ मा बेलायतको बालीनाली कहिल्यै नभएको जस्तो खराब भयो। गहुँको भाउ दोब्बर बढ्यो, आलु खेतीमा कीरा पर्यो र जनताको आर्थिक अवस्था झन्झन् खराब हुँदै गयो। गरिबी र भोकमरी बढ्दै गयो। साहु-महाजन, व्यापारी र पुँजीपतिहरूको गोदामहरू मालसामानले भरिभराउ थिए। तर, मालसामान किन्न जनतासँग पैसा थिएन। सामान नबिक्नाले कारखानाहरूले नयाँ सामान बनाउन कम गर्दै गर वा सामान बनाउनै छोडे। सामान कम बनाउँदा मजदुरहरूले कम ज्याला पाए वा मजदुरहरू बेकार भए। सामान बनाउन छोड्दा कारखाना बन्द भयो र सारा मजदुरहरू बेकार भए। बेकारी अवस्थाले जनताको जीवन झन्झन् खराब हुँदै गयो। भोका-नाङ्गा मजदुरहरू झन्झन् रिसाउन थाले। 'भोकोले के गर्दैन' भन्ने उखानजस्तै भोकै मर्नुभन्दा तिनीहरूले पुँजीपतिवर्गसँग लडेर मर्नु राम्रो ठाने। लुडाइटहरूको केन्द्र नोटिङघममा फेरि जीवन छायो। मजदुरहरूले आफ्नो आन्दोलन फेरि चालू गर्न थाले।

सन् १८११-१२ को आन्दोलन र दमनबाट लुडाइटहरूले आन्दोलन र सङ्गठनबारे अनेक अनुभव पाइसकेका थिए। यसकारण, सन् १८१३ देखि १८१५ सम्ममा तिनीहरूले आफ्नो सङ्गठन देभभरि फैलाइदिए। पुरानो सफलता र असफलताबाट अनेक शिक्षा लिए, सहिदहरूको बलिदानबाट लड्ने साहस र बल प्राप्त गरे। देशभरका मजदुरहरूको अवस्था खराब त छँदै थियो, असन्तोष आन्दोलनको रूपमा सल्किँदै गयो।

बिस्तारै बेलायतको अधिराज्यभर मेसिनहरू टुक्रा टुक्रा हुन थाले, कारखानाहरू ह्वारह्वाती बल्न थाले, पुँजीपतिवर्गको मिठो निद्रा खलबलियो र आन्दोलन दबाउन पुँजीपतिहरू हस्याङफस्याङ गर्दै सरसल्लाह गर्न थाले। भएभरको बल लगाएर पुँजीपतिवर्गले आन्दोलन दबाउने निधो गरे।

निधोअनुसार पुँजीपतिवर्गको सरकारले पुलिस, पल्टन, गुप्तचर, घोडचढी सेना, जाली-फटाहा, गुण्डा र सबै खराब तत्त्वहरू लुडाइटहरूको विरोधमा प्रयोग गर्यो। आन्दोलनकारीहरूले पनि आफ्नो भ्याएसम्मको बल र बुद्धि लगाएर सङ्घर्षलाई अगाडि बढाउँदै लगे। तर, त्यसबेला बेलायतमा एक प्रकारको गृहयुद्ध भएजस्तै थियो। आन्दोलनका सबै इलाकाहरूमा सैनिक चौकी र गस्तीहरू लगाएर दबाउने कामहरू भइरहेको थियो। आखिर बेलायतको पुँजीपतिवर्गको सरकारले अन्याय-अत्याचार गर्ने र थिच्ने सबै किसिमका निर्दयी उपायहरू प्रयोग गरी आन्दोलनलाई दबायो।

**आन्दोलनको असफलताको कारण र शिक्षा**

त्यसबेला बेलायतका मजदुरवर्गमा मजदुर आन्दोलनको राम्रो अनुभव थिएन। मजदुर सङ्गठनहरू पनि एक थिएनन् र धेरै स-साना सङ्गठनहरूमा विभाजित थिए। मजदुरवर्गको कुनै क्रान्तिकारी राजनैतिक पार्टी थिएन। राजनैतिक पार्टी नभएको हुनाले मजदुरवर्गको मुख्य शत्रु मेसिन होइन, पुँजीवादी व्यवस्था हो, त्यसलाई आडभरोसा दिने पुँजीवादी राज्यसत्तालाई पहिले उल्टाउनुपर्छ वा त्यसलाई चकनाचुर पार्नुपर्छ र त्यसमाथि कब्जा गर्नुपर्छ भन्ने चेतना दिने र आन्दोलनलाई राजनैतिक रूप दिने कुनै नेतृत्व नै थिएन। अथवा राजनैतिक सुझबुझ भएको सङ्गठित र बलियो एक मजदुर पार्टी थिएन। मेसिन फोर्दा दबाउन आउने दमनकारी व्यक्तिसँग लड्ने र आफ्नो आन्दोलनलाई राजनैतिक रूप दिने कुनै योजना थिएन। त्यसकारण, पुँजीपतिवर्ग त्यस आन्दोलनलाई दबाउन सफल भयो।

तर, त्यस आन्दोलन र असफलताबाट मजदुरवर्गमा पुँजीपतिवर्गप्रति वर्गीय घृणा बढ्यो। पुँजीवादी सरकार साँचोमा पुँजीपतिवर्गको पाले, आठ-पहरिया, गुण्डा र लठैत हो भन्ने बुझ्यो। पुँजीवादी सरकार मजदुरवर्गको शत्रु रहेछ भन्ने बुझ्यो। मजदुरवर्गको गुप्त सङ्गठनको परम्परा अगाडि बढ्यो। पुँजीपतिवर्ग र मजदुरवर्ग एक आपसमा मिल्न नसक्ने वर्ग हुन् र मजदुर आन्दोलन पुँजीपतिवर्गको निम्ति एक गृहयुद्ध समान हुने रहेछ भन्ने बुझे। सबै मजदुरहरू एक भएमा, पुँजीपतिवर्गसँग ज्यान फालेर लड्ने आँट गरेमा लड्न सकिने छ भन्ने देखाइदियो। यो नै बेलायतका मजदुरवर्गको मेसिन फोर्ने लुडाइट आन्दोलनको शिक्षा हो।

***'विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू' बाट***

# रेमिट्यान्सको उज्यालोभित्रको अँध्यारो

✍ कृष्णप्रसाद लामिछाने

नेपालको पछिल्लो आर्थिक सर्वेक्षणले देशको अर्थतन्त्रको एक महत्त्वपूर्ण यथार्थलाई प्रस्ट पारेको छ - विप्रेषण (रेमिट्यान्स) केवल आयको स्रोत होइन, समग्र आर्थिक संरचनाको मेरुदण्डझैँ बनेको छ। कुल गार्हस्थ उत्पादनमा यसको उल्लेख्य हिस्सा छ; विदेशी मुद्राको सञ्चितिलाई स्थिर राख्न, भुक्तानी सन्तुलन जोगाउन र उपभोगको चक्र चलायमान राख्न यसले निर्णायक भूमिका खेलेको छ। वार्षिक रूपमा खर्बौं रूपैयाँ स्वदेश भित्रिने यो प्रवाहले लाखौँ परिवारको दैनिक जीवनमा सहजता ल्याएको छ। तर, यही उज्यालोको पृष्ठभूमिमा केही गहिरा छायाहरू पनि विस्तारै बाक्लिँदै गएका छन्।

हरेक वर्ष करिब पाँच लाख नयाँ श्रमशक्ति बजारमा प्रवेश गर्ने देशमा, उत्पादनशील रोजगारी सिर्जनाको गति त्यसअनुसार बढ्न सकेको छैन। कृषि, उद्योग र सेवाक्षेत्रमा अवसरहरूको असन्तुलन र नीतिगत अस्पष्टताले युवालाई स्वदेशमै सम्भावना खोज्नुभन्दा विदेशतर्फ हेर्न बाध्य बनाएको छ। आर्थिक सर्वेक्षणले वैदेशिक रोजगारीबाट आउने आम्दानी निरन्तर बढ्दो क्रममा भएको देखाउँछ, जसले राज्यको राजस्व र विदेशी मुद्राको सञ्चितिमा सकारात्मक प्रभाव पारेको छ। यसले तत्कालीन रूपमा आर्थिक स्थायित्वको अनुभूति दिन्छ तर दीर्घकालीन संरचनात्मक विकासको प्रश्न भने अझै अनुत्तरित छ।

विप्रेषणले निम्त्याएको पहिलो प्रभाव उपभोगमा देखिन्छ। घर निर्माण, शिक्षा, स्वास्थ्य, सवारी साधन र दैनिक उपभोग्य सामग्रीमा खर्च बढेको छ। यसले सहर केन्द्रित बजारलाई चलायमान बनाएको छ तर उत्पादनको आधार विस्तार गर्न सकेको छैन। उत्पादनमूलक क्षेत्रमा लगानीको अनुपात अपेक्षाकृत न्यून छ जबकि आयातको परिमाण निरन्तर उकालो लागिरहेको छ। यसले व्यापार घाटालाई झन् फराकिलो बनाएको छ। आफ्नै माटोमा उत्पादन गर्न सकिने वस्तुहरूसमेत बाहिरबाट आयात गर्नुपर्ने अवस्था, कृषिप्रधान देशका लागि सोचनीय विषय हो।

गाउँ-सहरको सन्तुलनमा आएको विचलन अर्को महत्त्वपूर्ण पक्ष हो। वैदेशिक रोजगारीबाट आएको आम्दानीले गाउँका परिवारलाई सहरतर्फ आकर्षित गरेको छ। राम्रो शिक्षा, स्वास्थ्य सेवा र आधुनिक जीवनशैलीको चाहना स्वाभाविक हो, तर यसको प्रतिफलस्वरूप गाउँ खाली हुँदै गएका छन्। खेतीयोग्य जमिन बाँझो बन्दै छ, परम्परागत ज्ञान र सीप हराउँदै गएका छन्। उत्पादन घट्दा आयात बढ्नु स्वाभाविक हो। आर्थिक सर्वेक्षणले कृषि क्षेत्रको योगदान क्रमश: घट्दो र खाद्यान्न आयात बढ्दो रहेको तथ्य औँल्याएको छ - यो प्रवृत्ति दीर्घकालमा आत्मनिर्भरता कमजोर बनाउने सङ्केत हो।

सहरी जीवनशैलीको विस्तारसँगै खर्चको संरचना पनि बदलिएको छ। निजी विद्यालयको शुल्क, घरभाडा, स्वास्थ्य सेवा, यातायात र डिजिटल उपकरणमा हुने खर्चले विप्रेषणको ठुलो हिस्सा सोसिरहेको छ। प्रविधिको पहुँचले जीवन सहज बनाएको छ तर यसको असन्तुलित प्रयोगले उत्पादनशील समयलाई खपतमा रूपान्तरण गरेको छ। फुर्सदको समय सृजनात्मक काममा लगाउनुभन्दा डिजिटल माध्यममै बित्ने प्रवृत्ति बढ्दै गएको छ, जसले दीर्घकालीन रूपमा मानवीय पुँजीको विकासमा प्रश्न उठाइरहेको छ।

पारिवारिक र सामाजिक आयाममा यसको प्रभाव अझ सूक्ष्म र गहिरो छ। जब परिवारका सदस्यहरू लामो समयसम्म टाढा बस्न बाध्य हुन्छन्, सम्बन्धमा दूरी बढ्छ। आर्थिक सहजता आए पनि भावनात्मक अभावले सम्बन्धको न्यानोपन घटाउँछ। बालबालिकाले अभिभावकको संयुक्त सान्निध्य पाउन सक्दैनन्, जसले उनीहरूको मनोवैज्ञानिक विकासमा असर पार्न सक्छ। एकातिर सुविधा बढेको छ, अर्कोतिर एक्लोपन र असुरक्षाको अनुभूति पनि विस्तार हुँदै गएको छ।

गाउँमा बाँकी रहेका वृद्ध आमाबुबाको अवस्था झन् मार्मिक छ। सन्तानको सफलताको गर्वसँगै, उनीहरूले एक्लोपनको पीडा पनि बोकेका छन्। घरमा आधुनिक संरचना थपिएको छ तर आँगनमा खेल्ने सन्तानको हाँसो हराएको छ। जीवनभर जोतेको खेत बाँझो देख्दा उनीहरूलाई आफ्नै समयको मूल्य घटेको अनुभूति हुन सक्छ। यसरी, विप्रेषणले आर्थिक दूरी घटाए पनि भावनात्मक दूरी बढाएको यथार्थलाई नकार्न सकिँदैन।

आर्थिक दृष्टिले हेर्दा, विप्रेषणले तत्कालीन स्थायित्व दिएको छ तर यसले निर्भरता पनि बढाएको छ। विदेशी श्रम बजारमा हुने उतारचढाव, नीतिगत परिवर्तन वा सङ्कटको प्रभाव सिधै नेपालको अर्थतन्त्रमा पर्न सक्छ। यदि वैदेशिक रोजगारीमा अवसर घटे वा विप्रेषणको प्रवाह कम भयो भने त्यसको असर व्यापक हुनेछ। त्यसैले, आर्थिक सर्वेक्षणका तथ्याङ्कहरूलाई केवल उपलब्धिको रूपमा होइन, चेतावनीका रूपमा पनि बुझ्न आवश्यक छ।

यस परिप्रेक्ष्यमा, विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा रूपान्तरण गर्न राज्यको भूमिका निर्णायक हुन्छ। उपयुक्त नीतिमार्फत खपतको क्षेत्रमा केन्द्रित विप्रेषणलाई उत्पादन क्षेत्रतर्फ आकर्षित गर्न सकिन्छ। यसको लागि कृषि, उद्योग र साना उद्यमहरूमा लगानी प्रोत्साहन, सीप विकास, प्रविधिको प्रयोग र बजारको पहुँच विस्तार गर्नुपर्ने देखिन्छ। वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको अनुभव र पुँजीलाई स्वदेशमै उपयोग गर्ने वातावरण सिर्जना गर्नु समयको माग हो।

अन्तत:, विप्रेषणको उज्यालोलाई दीर्घकालीन विकासको आधार बनाउने कि क्षणिक सहजतामा सीमित राख्ने भन्ने प्रश्न हाम्रो सामूहिक निर्णयमा निर्भर छ। आर्थिक सर्वेक्षणले दिएको सन्देश स्पष्ट छ - विप्रेषण बलियो आधार हुन सक्छ तर यसको सही उपयोगबिना यो स्थायी समाधान बन्न सक्दैन। उज्यालोको चमकमा अँध्यारो नदेख्ने प्रवृत्तिबाट बाहिर निस्केर, सन्तुलित र आत्मनिर्भर अर्थतन्त्रतर्फ अघि बढ्नु नै आजको सबैभन्दा ठुलो आवश्यकता हो।

*(लेखक अर्थशास्त्र/सामाजिक विषयका शिक्षक हुनुहुन्छ।)*



दक्षिण कोरियाको इन्चोन सहरस्थित इन्चोन अन्तर्राष्ट्रिय विमानस्थलमा कोरिया युद्धमा वीरगति प्राप्त गरेका चिनियाँ जनस्वयम्सेवीहरूको अस्थि राखिएको बाकसमा चिनियाँ झन्डा ओढाएर सम्मान प्रकट गर्दै दक्षिण कोरियाका निम्ति चिनियाँ राजदूत ताइ बिङ (दायाँबाट पहिलो) अप्रिल २२, २०२६ का दिन । चीन र दक्षिण कोरियाबिच हालै थप १२ जना चिनियाँ जनस्वयम्सेवीहरूको अस्थि फिर्ताका निम्ति सम्झौता भएको हो ।

*तस्बिर : सिन्ह्वा/याओ छिलिन*

# युद्धविराम लम्बिँदा तनाव यथावत्

वासिङ्टन, २२ अप्रिल (एएफपी) । इरानसँगको बढ्दो तनावलाई वार्तामार्फत समाधानतर्फ लैजान अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्धविरामको म्याद अनिश्चितकालका लागि थप गरे पनि मैदानको अवस्था भने अझै अनिश्चित र दबाबपूर्ण देखिएको छ । शान्ति प्रयासलाई समय दिन गरिएको यो निर्णयसँगै कूटनीतिक पहल र सैन्य दबाब सँगसँगै अघि बढाइएको सङ्केत देखिएको छ ।

अमेरिकी पक्षले पाकिस्तानको मध्यस्थतामा अघि बढिरहेको वार्तालाई थप अवसर दिनुपर्ने आवश्यकता औँल्याउँदै युद्धविरामको समयसीमा पछाडि सारिएको जनाएको छ । ट्रम्पले इरानको नेतृत्वलाई प्रस्ताव तयार गर्न समय दिनुपर्ने उल्लेख गर्दै दुई हप्ताको म्याद सकिन लाग्दा त्यसलाई अनिश्चितकालसम्म विस्तार गरिएको बताउनुभएको छ । यद्यपि, उहाँले इरानी बन्दरगाहहरूमाथि अमेरिकी नाकाबन्दी भने यथावत् राखिने स्पष्ट पार्नुभएको छ, जुन वार्ताको प्रमुख विवादित विषय बनेको छ ।

सामाजिक सञ्जालमार्फत सार्वजनिक धारणा राख्दै ट्रम्पले इरानले होर्मुज जलडमरू खुला राख्न खोजेको आरोप लगाउनुभयो । यस जलडमरूलाई खुला राख्दा इरानलाई दैनिक करिब ५० करोड डलर आम्दानी हुने दाबी उहाँले गर्नुभयो । विश्वको करिब पाँचौं हिस्सा तेल तथा ग्यास आपूर्ति हुने यो जलमार्गमा अमेरिकी नियन्त्रण कायम राख्नु रणनीतिक रूपमा महत्त्वपूर्ण रहेको उहाँले जोड दिनुभयो । नाकाबन्दी हटाइएको अवस्थामा इरानसँग प्रभावकारी सम्झौता सम्भव नहुने अवस्था आउन सक्ने उहाँले सङ्केत दिनुभयो ।

यसअघि उहाँले युद्धविराम विस्तार गर्ने इच्छा नरहेको र समयसीमा सकिएपछि आक्रमण पुनः सुरु हुन सक्ने चेतावनी दिनुभएको थियो । तर, पछिल्लो निर्णयमा उहाँले सेनालाई नाकाबन्दी कायम राख्न र अन्य सबै सम्भावित अवस्थाका लागि तयारी अवस्थामा रहन निर्देशन दिएको बताउनुभएको छ । इरानबाट ठोस प्रस्ताव नआएसम्म युद्धविरामलाई निरन्तरता दिने उहाँको भनाइ छ ।

युद्धविराम कहिले सकिने भन्ने विषयमा अन्योलकै बिच पाकिस्तानले मङ्गलबार २३५० जिएमटीमा यसको अन्त्य हुने सङ्केत गरेको थियो भने इरानले ०००० जिएमटीमा समाप्त हुने बताएको थियो । तर, सो समयसीमा नजिकिँदा कुनै नयाँ सैन्य गतिविधि सार्वजनिक नभए पनि इरानले ट्रम्पको निर्णयबारे औपचारिक प्रतिक्रिया दिएको छैन ।

यसैबिच, पाकिस्तानको पहलमा इस्लामाबादमा आयोजना हुन लागेको शान्ति वार्ता पनि अनिश्चित बनेको छ । अमेरिकी उपराष्ट्रपति जेडी भान्सको प्रस्तावित भ्रमण अन्तिम समयमा स्थगित गरिएको पुष्टि ह्वाइट हाउसका एक अधिकारीले गरेका छन् । इस्लामाबादमा उच्च सतर्कता अपनाउँदै सरकारी क्षेत्रलाई सुरक्षाकर्मीहरूले घेराबन्दी गरेका छन्, जसले वार्ताको संवेदनशीलता झल्काउँछ ।

पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफले युद्धविराम विस्तारको स्वागत गर्दै अमेरिकी निर्णयप्रति आभार व्यक्त गर्नुभयो भने संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पनि यसलाई सकारात्मक कदमको रूपमा लिनुभयो । यद्यपि, इरानले भने आफ्नो भूभाग प्रयोग गरी आक्रमण भए खाडी क्षेत्रका तेल पूर्वाधारमा प्रहार गर्ने चेतावनी दिएको छ, जसले तनाव थप बढाएको छ ।

पहिलो चरणको वार्तापछि अमेरिकी पक्षले इरानी बन्दरगाहहरू अवरुद्ध गर्ने घोषणा गरेको थियो । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टका अनुसार केही दिनमै खर्ग टापुमा तेल भण्डारण भरिने र उत्पादन प्रभावित हुने अवस्था आउन सक्छ । उहाँले इरानको समुद्री व्यापार रोकिँदा यसको प्रमुख राजस्व स्रोतमा प्रत्यक्ष असर पर्ने बताउनुभयो । साथै, प्रतिबन्ध छल्न सहयोग गर्ने कुनै पनि व्यक्ति वा जहाज अमेरिकी प्रतिबन्धको दायरामा पर्ने चेतावनी पनि दिइएको छ ।

अमेरिकी रक्षा मन्त्रालयले पनि ‘राज्यविहीन स्वीकृत’ जहाजलाई रोकेर त्यसमा प्रवेश गरी नियन्त्रणमा लिएको जनाएको छ, जुन इरानी गतिविधिसँग सम्बन्धित रहेको बताइएको छ । दुवै पक्षले एकअर्कामाथि युद्धविराम उल्लङ्घनको आरोप लगाइरहेका छन्, जसले विश्वासको सङ्कट थप गहिरिएको देखिन्छ ।

तेहरानका सर्वसाधारणले भने युद्धविराम हुँदाहुँदै पनि जीवन सहज नभएको बताएका छन् । ३९ वर्षीय एक स्थानीय बासिन्दाले ‘यो पीडादायी युद्धविरामले जीवन झन् कठिन बनाएको’ भन्दै वरपर कसैले पनि सहज अवस्था भोग्न नसकेको बताएका छन् । विज्ञहरूका अनुसार इरानको सार्वजनिक मौनता वासिङ्टनमाथि दबाब सिर्जना गर्ने रणनीति हुन सक्छ ।

विश्लेषकहरूले अहिलेको अवस्था सैन्यभन्दा बढी राजनीतिक सहनशीलता र वार्तामा लाभ लिन खोज्ने प्रतिस्पर्धाको रूपमा विकसित भएको बताएका छन् । अनिश्चितताबिच पनि सम्भावित सम्झौताप्रतिको आशाले अन्तर्राष्ट्रिय बजारमा सकारात्मक सङ्केत देखिएको छ ।

यसै सन्दर्भमा मध्यपूर्वको अर्को मोर्चा पनि सक्रिय नै छ । औपचारिक कूटनीति सम्बन्ध नभएका इजरायल र लेबनानबिच बिहीबार वासिङ्टनमा नयाँ वार्ता हुने बताइएको छ । यसअघि दुवै पक्षबिच १० दिने छुट्टै युद्धविराममा सहमति भएको थियो, जसमा इरान समर्थित हिजबुल्लाह पनि समावेश छ ।

तर, दक्षिणी लेबनानमा छिटपुट हिंसा जारी छ र इजरायली सेनाले दर्जनौँ गाउँका बासिन्दालाई घर नफर्कन चेतावनी दिएको छ । मङ्गलबार इजरायलले आफ्ना सेनामाथि हिजबुल्लाहले धेरै रकेट प्रहार गरेको आरोप लगाउँदै त्यसको जवाफमा प्रक्षेपणस्थलमा आक्रमण गरेको जनाएको छ ।

लेबनानको सरकारी तथ्याङ्कअनुसार युद्ध सुरु भएदेखि हालसम्म कम्तीमा दुई हजार ४५४ जनाको ज्यान गइसकेको छ । हिजबुल्लाहले पनि उत्तरी इजरायलमा गरेको आक्रमणलाई इजरायलले युद्धविराम उल्लङ्घन गरेपछि गरिएको प्रतिक्रिया भनेको छ, जुन युद्धविरामपछि पहिलो यस्तो दाबी हो ।

# युद्धविरामको बाबजुद लेबनानमा इजरायली आक्रमण जारी

बेरुत, २२ अप्रिल (क्युएनए) । युद्धविरामको बाबजुद दक्षिणी लेबनानका निभिन्न क्षेत्रहरूमा इजरायली हवाई आक्रमण जारी रहेको जनाइएको छ । आक्रमण खियाम, मेस अल जबल र बेइट लाइफलगायतका सहरहरूलाई लक्षित गरी भएको जनाइएको छ ।

लेबनानको राष्ट्रिय समाचार एजेन्सीले खियाम सहरको अल जल्लाहिया क्षेत्रमा आगोको मुस्लो र चर्को आवाजमा इजरायली सेनाले विस्फोट गराएको जनाएको छ ।

इजरायली सेनाले बेइट लाइफ सहरमा इजरायलले आक्रमण गरी सहरका घरहरू नष्ट गरेको जनाइएको छ । लेबनानको विपद् जोखिम व्यवस्थापन विभागले आक्रमणका कारण दुई हजार ४५४ को मृत्यु हुनुका साथै सात हजार ६५८ जना घाइते भएको जनाएको छ । यसैगरी, विभागले ३० हजार ८१५ परिवारका एक लाख १८ हजार ६२४ जना मानिसहरू आक्रमणका कारण विस्थापित भई आश्रयमा रहेको उल्लेख गरेको छ ।

# अमेरिका-इरान युद्धविराम विस्तार, राष्ट्रसङ्घद्वारा स्वागत

न्युयोर्क, २२ अप्रिल (क्युएनए) । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले इरानसँगको युद्धविरामको म्याद थप गर्ने अमेरिकाको घोषणालाई स्वागत गर्नुभएको छ । महासचिव गुटेरेसका प्रवक्ता स्टेफन डुजारिकले युद्धविरामको म्याद थप गर्दा इरान र अमेरिकाबिच कूटनीति विश्वास निर्माणका लागि महत्त्वपूर्ण स्थान सिर्जना गर्ने बताउनुभएको छ । उहाँले सम्बन्धित पक्षलाई युद्धविरामको म्याद थप गरी युद्धविरामलाई कमजोर पार्न सक्ने कार्यहरूबाट टाढा रहन र स्थायी समाधानमा पुग्न रचनात्मक वार्तामा संलग्न हुन प्रोत्साहित गर्नुभएको छ । डुजारिकले वार्तालाई सहज बनाउने पाकिस्तानको प्रयासलाई महासचिवको पूर्ण समर्थन रहेको पुष्टि गर्दै यो प्रयासले द्वन्द्वको स्थायी समाधानमा पुग्ने अवस्था सिर्जना गर्न योगदान पुऱ्याउने आशा व्यक्त गर्नुभएको छ । द्वन्द्व अन्त्य गर्ने र स्थायी समाधान खोज्ने उद्देश्यले अमेरिका र इरानबिच दोस्रो चरणको वार्ताका लागि पाकिस्तानी नेतृत्वको प्रयासको बिचमा राष्ट्रसङ्घको स्वागत आएको हो ।

# युद्धका कारण विद्यालयलगायत पूर्वाधारमा क्षति : इरानका आधाभन्दा बढी क्षतिग्रस्त विद्यालयको मर्मतसम्भार

तेहरान, २२ अप्रिल (एएनआई) । अमेरिका र इरानबिचको द्वन्द्वमा इरानका विद्यालय, यातायात सञ्जालसहित नागरिक पूर्वाधारमा ठूलो क्षति पुगेको उल्लेख गर्दै हाल तिनको मर्मतसम्भार भइरहेको इरानी मन्त्रीहरूलाई उद्धृत गर्दै इरना समाचार एजेन्सीले जनाएको छ ।

इरनाका अनुसार युद्धमा २४ वटा पुलहरूलाई लक्षित गरी आक्रमण गरिएको थियो । यसैबिच, इरानका शिक्षामन्त्री अलिरेजा काजेमीले द्वन्द्वमा क्षतिग्रस्त भएका एक हजार ३०० विद्यालयहरूमध्ये ७७५ वटा विद्यालयहरूको मर्मत भइसकेको बताउनुभएको छ ।

यसैगरी, बाँकी धेरै क्षतिग्रस्त भएका विद्यालयहरूको मर्मत अक्टोबरसम्ममा सम्पन्न हुने अपेक्षा गरिएको उहाँले बताउनुभएको छ ।

उहाँले मिनाबको शाजारेह तैयबेह बालिका विद्यालयमा भएको आक्रमणमा मारिएका १७० जनाको स्मरण र परामर्श सेवाहरूसहित प्रभावित विद्यार्थी र कर्मचारीहरूका लागि आवश्यक उपायहरूबारे कार्य गरिरहेको प्रकाश पार्नुभएको छ ।

इरानले वार्ताको प्रारम्भका पूर्वशर्त स्थापित गर्दै अमेरिकाले आफ्नो सैनिक नाकाबन्दी समाप्त गरेपछि मात्र वार्तामा संलग्न हुन तयार रेहेको संयुक्त राष्ट्रका राजदूत अमिर सइद इरवानीले बताउनुभएको छ ।

यसैबिच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई जारी युद्धविराम बिचमा एकजुट हुन लवाव दिएको अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै जनाएएको छ ।

रिपोर्टले ट्रम्पको निर्णयले तेहरानलाई प्रभावकारी रूपमा छोटो समयसीमा दिएको र हालको युद्धविराम विस्तार ‘खुला अन्त्य’ हुने छैन भनी चेतावनी दिएको छ । ट्रम्प इरानलाई आफ्नो कुरा एकसाथ राख्नका लागि थप तिनदेखि पाँच दिनको युद्धविराम गर्न इच्छुक रहेको अमेरिकी स्रोतले जनाएको छ ।

# १४ महिनापछि स्वदेश फर्कियो २५०० वर्ष पुरानो अमूल्य सुनौलो हेलमेट

बुखारेस्ट, २२ अप्रिल (एपी) । गत वर्ष नेदरल्यान्ड्सको एक सङ्ग्रहालयबाट चोरी भएको दुई हजार ५०० वर्ष पुरानो बहुमूल्य सुनौलो हेलमेटसहितका महत्त्वपूर्ण ऐतिहासिक वस्तुहरू अन्ततः रोमानिया फर्किएका छन् । लामो अनुसन्धान, कूटनीतिक प्रयास र कानुनी प्रक्रियापछि फिर्ता भएको यो खजाना रोमानियाका लागि केवल पुरातात्विक वस्तुमात्र नभई राष्ट्रिय पहिचान र ऐतिहासिक स्मृतिको प्रतीकका रूपमा हेरिएको छ ।

डेसिया सभ्यतासँग सम्बन्धित अलङ्कृत कोटोफेनेस्टी हेलमेट र तीन सुनौलो ब्रेसलेटहरू जनवरी २०२५ मा नेदरल्यान्ड्सस्थित ड्रेन्ट्स सङ्ग्रहालयमा भएको योजनाबद्ध छापामार चोरीमा हराएका थिए । उक्त घटनाले अन्तर्राष्ट्रिय कला क्षेत्रमा ठूलो तरङ्ग ल्याएको थियो भने रोमानियाली अधिकारीहरू गम्भीर चिन्तामा परेका थिए ।

करिब १४ महिनाको अनुसन्धानपछि, तीन जना संदिग्धसँग सम्बन्धित मुद्दा अघि बढिरहँदा अधिकांश हराएका वस्तुहरू मङ्गलबार बुखारेस्टस्थित हेनरी कोन्डा अन्तर्राष्ट्रिय विमानस्थलमा ल्याइएका छन् । त्यहाँबाट कडा सुरक्षा व्यवस्थासहित ती वस्तुहरू राष्ट्रिय इतिहास सङ्ग्रहालयमा पुऱ्याइएको थियो । अहिले ती वस्तुहरू मास्क लगाएका सशस्त्र सुरक्षाकर्मीको निगरानीमा काँचको विशेष क्याबिनेटमा राखेर सार्वजनिक अवलोकनका लागि प्रस्तुत गरिएको छ ।

सङ्ग्रहालयका अन्तरिम निर्देशक कर्नेल कन्स्टान्टिन इलीले यी वस्तुहरूलाई सामान्य पुरातात्विक सामग्री नभई ‘ऐतिहासिक स्मृतिका जीवित अवशेष’ का रूपमा फर्काइएको बताउनुभयो । उहाँका अनुसार, यो क्षण रोमानियाका लागि खुसीसँगै आत्ममूल्याङ्कन गर्ने अवसर पनि हो । लामो समयसम्म यी सम्पदा सधैँका लागि हराउन सक्ने चिन्ताबिच बिताएको स्मरण गर्दै उहाँले अब यसको महत्त्वपूर्ण अंश फिर्ता आएकोमा राहत महसुस गरिएको उल्लेख गर्नुभयो ।

ड्रेन्ट्स सङ्ग्रहालयका निर्देशक रोबर्ट भ्यान ल्याङले पनि यस घटनालाई सबैका लागि भावनात्मक क्षण भएको बताउनुभयो । उहाँका अनुसार, नेदरल्यान्ड्समा यसको प्रभाव उल्लेखनीय भए पनि रोमानियामा यसको भावनात्मक असर अझ गहिरो थियो । दुवै देशका प्रहरी र न्यायिक निकायले समन्वयमा उत्कृष्ट काम गरेको उहाँले स्वीकार गर्नुभयो ।

यसै महिनाको सुरुआतमा डच अभियोजकहरूले पूर्वी नेदरल्यान्ड्सको एसेन सहरमा पत्रकार सम्मेलनमार्फत बरामद गरिएका वस्तु सार्वजनिक गरेका थिए । यद्यपि, चोरी भएका तीनमध्ये एक सुनौलो ब्रेसलेट अझै फेला परेको छैन र त्यसको खोजी जारी रहेको जनाइएको छ । आगामी हप्ताहरूमा यससम्बन्धी न्यायिक निर्णय आउने अपेक्षा गरिएको छ ।

चोरीपछि हराएको हेलमेट फिर्ता हुँदा केही भागमा क्षति देखिएको छ भने अन्य बरामद ब्रेसलेटहरू भने सुरक्षित अवस्थामा रहेका छन् । हेलमेट पगालिएको हुन सक्ने आशङ्का पनि गरिएको थियो, किनभने यसको विशिष्टता र पहिचानका कारण यसलाई अवैध बजारमा बेच्न कठिन हुने अनुमान गरिएको थियो ।

रोमानियाका संस्कृतिमन्त्री डिमेटर अन्द्रास इस्तवानले यस घटनाले सम्पदा र राष्ट्रिय चेतनाबिचको गहिरो सम्बन्ध उजागर गरेको बताउनुभयो । उहाँका अनुसार, यसले सांस्कृतिक सम्पदाहरू कति संवेदनशील र जोखिममा पर्न सक्ने देखाएको छ, जहाँ हिंसा, तस्करी र लापरवाहीले ठूला क्षति पुऱ्याउन सक्छ ।

चोरीको घटनापछि सार्वजनिक भएको सुरक्षा फुटेजमा तीन व्यक्तिले क्रोबार प्रयोग गरी सङ्ग्रहालयको ढोका फुटाएको र त्यसपछि विस्फोट गराएको दृश्य देखिएको थियो । यसले घटना योजनाबद्ध र सङ्गठित रहेको सङ्केत गरेको थियो ।

सङ्ग्रहालय प्रशासनका अनुसार, केही मर्मतसम्भार अघि यी सम्पदाहरूलाई सर्वसाधारणका लागि प्रदर्शन गरिनेछ । यसलाई केवल कलात्मक वस्तुका रूपमा मात्र नभई कठिन परीक्षा, लगभग अपूरणीय क्षति र त्यसपछिको सफल पुनःप्राप्तिको प्रतीकका रूपमा लिनुपर्ने उनीहरूको भनाइ छ । अन्ततः, यी बहुमूल्य सम्पदाहरू स्वदेश फर्किनु रोमानियाका लागि ऐतिहासिक उपलब्धिका रूपमा स्थापित भएको छ ।

# जैविक विविधता तथा वन्यजन्तुको सम्बन्धको दीर्घकालीन खोजी

● कृष्णराज गौतम

काठमाडौँ । जैविक विविधता संरक्षण तथा पर्यापर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले 'जैविक विविधता तथा रेडपाण्डा-थार अन्तर्राष्ट्रिय सम्मेलन'ले वनस्पति, जीवाणु र तिनीहरूको आपसी सम्बन्धलाई दीर्घकालीन बनाउने प्रतिबद्धता प्रकट गरेको छ । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाद्वारा यही वैशाख ४ देखि ६ गतेसम्म सञ्चालित सम्मेलनले पृथ्वीमा रहेका सम्पूर्ण प्राणीको सहअस्तित्वलाई सुदृढ गर्ने प्रतिबद्धता गरेको हो ।

सम्मेलनलाई सफल बनाउन कोशी प्रदेश सरकार, पर्यटन, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भूसंरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष, त्रिभुवन विश्वविद्यालय, नेपाल प्रज्ञा प्रतिष्ठानलगायतले सहकार्य गरेका थिए । नेपालले जैविक विविधता संरक्षणका लागि सन् १९६० को दशकदेखि विभिन्न व्यवस्थाहरू गरेको पाइन्छ ।

प्रकृतिमा आधारित जीविकोपार्जन एवं रोजगारी सृजना, दिगो विकास तथा पर्यापर्यटन प्रवर्द्धन, मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनलगायत विषयमा परम्परागत ज्ञानको समीक्षा, वैज्ञानिक ज्ञान र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवलाई एकीकृत गर्दै आगामी दिनमा सशक्त कार्यक्रम सञ्चालन गर्न सम्मेलनबाट सुझाव प्राप्त भएको नगरपालिका प्रमुख तीर्थराज भट्टराईले जानकारी दिनुभयो ।

नेपाल, भारत, भुटान, बङ्गलादेश, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया र जर्मनीका सहभागी प्रतिनिधि तथा विषयविज्ञको सहभागितामा घनिभूत छलफलपछि स्थानीय तहको सहभागितामा वनजङ्गल, खोला खोल्सी, पोखरी, तालतलैया, सिमसार, जडीबुटी र जैविक मार्गको पुन:स्थापना तथा दिगो व्यवस्थापनसहितका कार्यक्रम सञ्चालन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्यलाई अभिवृद्धि गर्ने प्रस्ताव पारित गरिएको छ । जैविक विविधता साथै वन्यजन्तु संरक्षणलाई उच्च प्राथमिकतामा राख्ने, स्थानीय समुदायको सहभागितामा सात बुँदे 'दिक्तेल घोषणापत्र' जारी गरिएको छ ।

नेपालले सन् १९९२ को रियो सम्मेलनमा पारित जैविक विविधता महासन्धिमा नेपालले सन् १९९४ मा हस्ताक्षर गरेपछि जैविक विविधता संरक्षणमा संवैधानिक, कानुनी, नीतिगत, संस्थागत तथा संरचनागत व्यवस्था गरी कार्यान्वयन गरेको पाइन्छ । लोपोन्मुख प्रजाति रेडपान्डा (हाब्रे) र थारको संरक्षणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न सङ्घ, प्रदेश, स्थानीय तहका सरकार, संरक्षण साझेदार संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र र अन्य सरोकार भएका निकायहरूसँग सहकार्य गर्ने घोषणा गरिएको छ ।

किरात संस्कृति तथा मुन्दुमी सभ्यताको संरक्षण एवं प्रवर्द्धन, मुन्दुम ट्रेल (पदमार्ग)सँग जोड्न रेडपान्डा-थार पदमार्ग तथा अन्य ऐतिहासिक-सांस्कृतिक पदमार्गहरूको विकास गर्ने, प्रकृति र संस्कृतिबिचको अन्तरसम्बन्धलाई सुदृढीकरण गर्न प्रशिक्षण तथा समुदायमा आधारित होमस्टे (घरबास) कार्यक्रम सञ्चालन गरेर पर्यापर्यटन प्रवर्द्धन गर्नेलगायत विषयमा प्रतिबद्धता प्रकट गरिएको छ ।

त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक डा नेत्र एटमले पछिल्ला समय प्रविधिको विकाससँगै जलवायु परिवर्तनको असर बढेकाले हिमशृङ्खला पग्लने क्रम विकास भएको बताउँदै यसले समग्र जीव, प्राणी, वनस्पतिको विकासमा समस्या ल्याउने तथा अस्तित्व सङ्कटमा पुग्न सक्ने बताउनुभयो । उहाँले यस सङ्कटलाई न्यूनीकरण गर्न परम्परागत ज्ञान, सीप र अभ्यासलाई आधुनिक प्रविधिसँग संयोजन गर्नुपर्ने बताउँदै उहाँले भन्नुभयो, "विशिष्ट भौगोलिक परिवेश, उचाइगत विविधता र जलवायु विविधताका कारण वन, घाँसेमैदान, सिमसार क्षेत्र र कृषि प्रणालीमा समेत समस्या आउँछ, लोपोन्मुख वन्यजन्तुको संरक्षणमा चुनौती थपिएको छ ।"

जैविक विविधता महासन्धिअनुसार पृथ्वीको जल, स्थल र आकाशमा आफ्नो जीवनयापन गर्ने सम्पूर्ण जीवजन्तु, वनस्पति र मानवबिचको सहअस्तित्व तथा अन्तरसम्बन्धमा रहेको विविधतालाई जैविक विविधता भनिएको छ । स्थलीय, जलीय, सामुन्द्रिक, सिमसार, मरुभूमि, हिमवत् क्षेत्र र पारिस्थितीय पद्दतिअन्तर्गत सम्पूर्ण जीव, जीवाणु र तिनीहरूको आनुवांशिकताबिचको भिन्नतालाई जैविक विविधताका रूपमा लिइएको छ ।

राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (सन् २०१४-२०२०) अनुसार नेपालमा एक सय १८ वटा पारिस्थितिक प्रणालीको पहिचान गरिएकामा ८० पारिस्थितिक प्रणाली संरक्षण क्षेत्रमा पाइन्छन् । एकआपसमा प्रजनन गर्न सक्ने क्षमता भएका प्राणी तथा वनस्पतिको समूहलाई प्रजाति भनिन्छ । प्राणी तथा वनस्पतिका भिन्न प्रजातिको अस्तित्वलाई प्रजातिगत विविधता भनिन्छ । 'जीन' को विविध किसिमलाई आनुवांशिक-वंशाणुगत विविधता मानिएको छ । एकपटक लोप भएको आनुवांशिक पदार्थ पुन: प्राप्त गर्न नसकिने हुँदा जीवको अस्तित्व लोप भएर जान्छ ।

विश्वमा पाइने कुल वनस्पति प्रजातिको ३.२ प्रतिशत तथा कुल प्राणी प्रजातिको १.१ प्रतिशत नेपालमा पाइन्छ भने कुल स्तनधारीको ५.२ प्रतिशत प्रजाति नेपालमा पाइन्छ । मुलुका करिब तीन सय प्रजातिका फूल फुल्ने वनस्पति तथा १४ प्रजातिका घस्रने रैथाने प्रजाति भएको बताइएको छ ।

जैविक विविधताको आर्थिक, सामाजिक, वातावरणीय, मानवीय तथा अन्य आयामसँग सहसम्बन्धित रहेकाले यसले पृथ्वीमा जैविक कार्यप्रणाली र जैविक वस्तुको दिगोपन एवं निरन्तरताका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्न नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) का उपकुलपति दिलीप सुब्बाले बताउनुभयो । मानव समुदायका लागि गास, बास र कपास जैविक विविधताकै उपज हुन् । दिगो विकास तथा पर्यटनको आधार मान्न सकिन्छ ।

वन्यजन्तु, जङ्गली जनावरका समस्या पहिचान गरी पूर्वसूचना प्रणाली, उपयुक्त छेकबार, समुदायमा आधारित बीमा एवं क्षतिपूर्ति प्रणाली, वन्यजन्तुबाट कम हानि-नोक्सानी हुने खेतीबाली तथा सामुदायिक द्रुत प्रतिकार्य टोली स्थापना गर्न सकेमा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन सम्भव छ । हिमाली जैविक विविधताको संरक्षण, संवर्द्धन र ज्ञान अभिवृद्धिको सन्देश प्रवाह गर्ने उद्देश्यले नेपाल र भारतका साहित्यकारको समूहले खोटाङको चखुवादेखि भोजपुरको टेम्केडाँडासम्म सम्मेलनका क्रममा पदयात्रा गरेका थिए ।

नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव धनप्रसाद सुवेदी नेतृत्वको उक्त प्रतिनिधिमण्डलले करिब १५ किलोमिटर दूरीको पदयात्राका क्रममा स्वरोजगार, स्थानीय सीप र रैथाने सामग्रीको प्रयोग तथा पर्यटन प्रवर्द्धनमा सन्देश प्रवाह गरिएको थियो । पहिचान भएका वन्यजन्तुको अनुगमन तथा आहार-बिहारसम्बन्धी प्रभावकारी अध्ययन अनुसन्धानबारे प्रचारप्रसार गरिएको थियो ।

देशको विविधतायुक्त भौगोलिक अवस्थितिका कारण नेपालका हिमाल, पहाड, तराईका फरक हावापानी, तापक्रम पाइने भएकाले पनि विश्वमा जैविक विविधतामा सम्पन्न छ । समुन्द्र सतहदेखि तीन हजार ११५ मिटर अग्लो टेम्केडाँडा आसपास क्षेत्रको पदयात्रा गर्दा गुरा, चाप, कलकल बगेका झरना, प्रकृति, हावापानीले यात्रीलाई आनन्दको अनुभूति गराएको छ । विभिन्न स्थानका विविध प्रकारका जलवायुमा पाइने वनस्पति तथा वन्यजन्तुले उपयुक्त बासस्थान पाएका छन् । यहाँबाट विश्वको सर्वोच्च शिखर सगरमाथा नजिकबाट अवलोकन गर्न सकिन्छ ।

सम्मेलनमा साहित्यकार नगेन्द्र रेग्मीले प्रकाशन गर्नुभएको तुल्सीलाल स्मृति ग्रन्थ विमोचन गरिएको जैविक विविधता संरक्षण र दीर्घकालीन योजना निर्माण, लोपोन्मुख वन्यजन्तु संरक्षित क्षेत्र र प्राथमिकतामा राख्नुपर्नेमा समीक्षा गरिएको थियो । छिमेकी राष्ट्र भारतका वरिष्ठ साहित्यकार जीवन राणाले विमोचन गर्नुभएको उक्त पुस्तकमा साहित्यिक, ऐतिहासिक, राजनीतिक, सामाजिक, आर्थिक विकासका बारे समावेश गरिएको छ । साहित्यिक सङ्गोष्ठिमा कविहरूले रचनामार्फत कार्वन व्यापारको अवधारणाबाट अधिकतम् लाभ हासिल गर्न, कृषिजन्य तथा पशुजन्य उत्पादन प्राप्त गर्न, जडीबुटी तथा औषधिजन्य पदार्थहरू प्राप्त गर्न जैविक विविधताको संरक्षण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

विश्वमा जलवायु परिवर्तनका कारण आएका सामाजिक, आर्थिक, मनोवैज्ञानिक, वातावरणीय परिवर्तनका कारण वन्यजन्तु र जैविक विविधता सङ्कटमा पर्दै गएकाले समस्या समाधानका विकल्प पहिचान गर्न नेपाल र भारतका साहित्यकारले कविता वाचनसमेत गरेका थिए । लोपोन्मुख वन्यजन्तु रेडपाण्डा र थारको बाँसबाट बनाइएका कलात्मक चित्र आकर्षणको केन्द्र बनेको सम्मेलनमा संरक्षणसम्बन्धी सडक नाटक प्रदर्शन गरिएको थियो ।

सरकारको १०० पर्यटकीय गन्तव्य सूचीमा पर्ने 'मुन्दुम ट्रेल' पदमार्ग नजिकको जङ्गलमा रेडपाण्डा पाइने भएकाले 'मुन्दुम ट्रेल-रेडपाण्डा-थार रुट' पदमार्ग प्रवर्द्धन गर्ने नगरपालिकाको योजना छ । राजनीतिज्ञ विष्णु आभूषणले नेपाल जैविक विविधताको दृष्टिले सम्पन्न मुलुक भए पनि विश्वव्यापी रूपमा जैविक विविधताको विनास द्रुतगतिमा अघि बढिरहेको बताउँदै दीर्घकालीन योजना निर्माण, लोपोन्मुख वन्यजन्तु प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो ।

उहाँका अनुसार बढ्दो जनसङ्ख्या, अव्यवस्थित बसोबास, सहरीकरण, औद्योगीकरण, पेट्रोलियम पदार्थको अत्यधिक खपत, कृषि क्षेत्रमा रासायनिक प्रयोगमा अत्यधिक वृद्धिले पर्यावरण तथा उपभोग्य वस्तुमा पाइने विषादीका कारण जैविक विविधता सङ्कटमा परेको पाइएको छ । अतिवृष्टि, अनावृष्टि, दैवी प्रकोप प्राकृतिक तथा मानवीय कारणहरूले गर्दा जैविक प्राणीहरूको बासस्थान तथा खाद्यान्नको अभाव हुँदै आएको छ । मानवीय गतिविधि तथा प्राकृतिक विपद्का कारण केही वनस्पति तथा वन्यजन्तु दुर्लभ र लोपोन्मुख अवस्थामा पुगेका छन् । विश्वको लोपोन्मुख वन्यजन्तुमा पर्ने खोटाङमा रहेको पुष्टि भएपछि 'समुदायमा आधारित रेडपाण्डा 'समुदायमा आधारित रेडपाण्डा संरक्षण कार्यक्रम' सञ्चालन गरिएको छ ।

किरात समुदायको उद्गमस्थल हलेसीस्थित तुवाचुङ-जायजुम हुँदै मध्यपहाडी लोकमार्ग सडकखण्डको हुर्लुङदेखि रूपाकोटबाट बगरेभञ्ज्याङ, सिकुरीभञ्ज्याङ, साप्सुढाप, मेरुङ हुँदै मुन्दुम ट्रेल जोड्ने पदमार्गलाई 'मुन्दुम ट्रेल रेडपाण्डा-थार रुट' नामकरण गरिएको छ । स्थानीयस्तरमै रोजगारी सृजना गर्ने उद्देश्यसहित बाँस तथा बाँससम्बन्धी उद्योगको प्रवर्द्धन कार्यसमेत सञ्चालित छन् । बाँसबाट बनाइएका कलात्मक वस्तुले पनि यहाँको सौन्दर्य थपेको छ ।

स्थानीयस्तरमा बाँसलाई भवन निर्माण, हस्तकला, व्यावसायिक उत्पादन तथा वातावरणमैत्री बनाउन, बाँससम्बन्धी सीप विकास, प्रविधि विस्तार र उद्यमशीलता प्रोत्साहनमा सहयोग गरेको नगरपालिकाले बाँस तथा बाँसजन्य सामग्रीको प्रवर्द्धन एवं नीति निर्माणका लागि पहल गरेपछि सहरी विकास मन्त्रालयबाट बाँसका संरचना निर्माणसम्बन्धी मार्गदर्शन स्वीकृत भएको छ । संरचना निर्माणमा मितव्ययिता अपनाउन प्राविधिक विवरण रहेको मार्गदर्शनमा भूकम्प प्रतिरोधी, वातावरणमैत्री, घरका नमुना डिजाइनसमेत समावेश गरिएका छन् ।

नेपालमा ७५ प्रकारका वनस्पति वर्ग, ३५ प्रकारका वन, वनस्पति र प्राणी १० हजार बढी प्रजाति पहिचान भएका छन् । बीसवटा संरक्षित क्षेत्र, १० अन्तर्राष्ट्रिय महत्त्वका सिमसार क्षेत्र, ११ वनस्पति उद्यान, २३ हजारभन्दा बढी सामुदायिक वन र १० हजारभन्दा बढी अन्य समुदायमा आधारित वनमा लाखौं प्रजातिका जैविक विविधता पाइने जनाइएको छ ।

# सामुदायिक विद्युतीकरणमा नीतिगत एवं व्यवस्थापकीय सुधारको पहल

✍ नारायण ज्ञवाली

काठमाडौँ, ९ वैशाख । ऊर्जा क्षेत्रजस्तो दीर्घकालीन प्रभाव पार्ने क्षेत्रमा समन्वय, निरन्तरता र स्पष्ट नीति दिशा अपरिहार्य छ । दिगो ऊर्जा विकासका लागि संस्थागत स्थिरता, उत्तरदायी कार्यान्वयन र बहुपक्षीय सहकार्य अपरिहार्य आधार हुन् । यी तत्त्वलाई केन्द्रमा राख्दा विश्वास निर्माण हुन्छ र दीर्घकालीन प्रगति सुनिश्चित हुन्छ । नेपालमा जलविद्युत् उत्पादनको इतिहास एक शताब्दीभन्दा बढी (११४ वर्ष) पुरानो भए पनि अझैसम्म पूर्ण विद्युतीकरण हासिल हुनसकेको छैन ।

विशेषगरी ग्रामीण क्षेत्रमा सामुदायिक विद्युतीकरणमार्फत उज्यालो नेपाल बनाउने अभियानमा सामुदायिक संस्थाहरूले खेलेको भूमिका अत्यन्तै महत्त्वपूर्ण र प्रशंसनीय छ तर पनि विद्युतसम्बन्धी स्पष्ट तथा सुदृढ कानुनको अभाव, सङ्घीय संरचनाअनुसार प्रभावकारी विकेन्द्रीकरण हुन नसक्नु, गुणस्तरीय, नियमित र सर्वसुलभ विद्युत् सेवा सबै नागरिकसम्म पुग्न नसक्नुजस्ता चुनौतीहरू अझै विद्यमान छन् । जलस्रोतमा सम्पन्न राष्ट्र भएर पनि जलविद्युत्मा आत्मनिर्भर हुन नसक्नु हाम्रो प्रमुख कमजोरीका रूपमा रहेको छ ।

नेपाल सरकारले २०६० सालदेखि प्रारम्भ गरेको सामुदायिक विद्युतीकरण कार्यक्रम समुदायको आर्थिक सहभागिता तथा प्रत्यक्ष संलग्नतामा आधारित एक सफल नमूना कार्यक्रमका रूपमा स्थापित भएको छ । नेपाल विद्युत् प्राधिकरणअन्तर्गत सामुदायिक ग्रामीण विद्युतीकरण विभागमार्फत कार्यान्वयन र समुदायबाट व्यवस्थापन भइरहेको यो कार्यक्रम हालसम्म ५५ जिल्लामा ३०२ वटा संस्थामार्फत करिब छ लाख घरधुरीमा विद्युत् सेवा विस्तार गरिएको छ । संरचना निर्माणमा समुदायको प्रत्यक्ष संलग्नतासहित दुई अर्ब रूपैयाँभन्दा बढी लगानी भइसकेको छ । यसरी समुदायको स्वामित्व र सहभागितामा सञ्चालन भएको यो कार्यक्रम नेपालकै एक उत्कृष्ट तथा अनुकरणीय नमुना कार्यक्रमका रूपमा स्थापित भएको छ ।

सामुदायिक विद्युतीकरण कार्यक्रमले ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा विद्युत् पहुँच विस्तार मात्र होइन, स्थानीय आर्थिक तथा सामाजिक विकासमा समेत महत्त्वपूर्ण योगदान पुर्याएको छ । कार्यक्रममार्फत तीन हजारभन्दा बढी प्रत्यक्ष तथा तीन हजार ५०० भन्दा बढी अप्रत्यक्ष रोजगारी स्थानीयस्तरमै सिर्जना भई व्यवस्थापन गरिएको छ । साथै, स्थानीय सहभागितामार्फत विद्युत् चुहावट नियन्त्रण, सेवा गुणस्तर सुधार तथा सरल, सहज र प्रभावकारी घरदैलो सेवा प्रवाह सुनिश्चित गरिएको छ । उज्यालो नेपाल अभियानमा समेत यस कार्यक्रमको विशेष योगदान उल्लेखनीय रहेको छ ।

यसै सन्दर्भमा, देशभर सामुदायिक विद्युतीकरण कार्यक्रम सञ्चालन गरिरहेका सामुदायिक संस्थाहरूको छाता संस्थाको रूपमा सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घ, नेपाल क्रियाशील रहेको छ । महासङ्घले सामुदायिक संस्थाहरू, नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ-संस्थाहरूबिच समन्वयकारी भूमिका निर्वाह गर्दै सहकार्य, सहजीकरण तथा अनुभव आदान-प्रदानको प्रभावकारी पुलको रूपमा काम गर्दै आएको छ । यस संस्थामार्फत सामुदायिक विद्युतीकरण कार्यक्रमलाई थप व्यवस्थित, दिगो र प्रभावकारी बनाउने दिशामा महत्त्वपूर्ण योगदान पुगिरहेको छ । तथापि, यस कार्यक्रमले नीतिगत, कानुनी तथा व्यावहारिक तहमा विभिन्न चुनौतीहरू भोग्दै आएको अवस्था विद्यमान छ । यस सन्दर्भमा, सामुदायिक विद्युतीकरण कार्यक्रमको दिगो विकास तथा प्रभावकारी सञ्चालनका लागि निम्न विषयहरूमा नीतिगत तथा बजेटीय व्यवस्थापन आवश्यक रहेको छ :

**नीतिगत तथा कानुनी स्पष्टता :** सामुदायिक विद्युतीकरण कार्यक्रमलाई स्पष्ट कानुनी आधार प्रदान गर्दै विकेन्द्रित प्रणालीमार्फत सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने व्यवस्था गर्न आवश्यक रहेको छ । जसका लागि विद्युत् ऐन पटक-पटक संसद्मा प्रवेश गरे तापनि हाल विचाराधीन रहेको छ ।

**विनियमावली संशोधन :** हाल सञ्चालनमा रहेका सामुदायिक विद्युतीकरणसम्बन्धी विनियमहरूलाई समयानुकूल परिमार्जन गरी सरोकारवालाहरू तथा विद्युत् महासङ्घको सहभागितामा आवश्यक संशोधन गर्नुपर्नेछ । नेपाल विद्युत् प्राधिकरणमा सामुदायिक विद्युत् विनियमावली संसोधन गर्न कार्यदलको गठन भए तापनि कार्य अघि बढ्न सकेको छैन ।

**विद्युत् महसुल संरचना :** व्यावहारिक, पारदर्शी र न्यायोचित महसुल प्रणाली निर्माण गरी समुदायका उपभोक्ताहरूलाई सहज सेवा सुनिश्चित गर्नुपर्छ र सामुदायिक संस्था पनि दिगो रूपमा सञ्चालन हुनसक्ने प्रकारको महशुल संरचना आवश्यक छ । पटक-पटक विज्ञ प्रतिवेदन, सामुदायिक संस्थाको माग, अन्तरक्रिया छलफल भए तापनि महशुलमा पुनरावलोकन हुन सकेको छैन । विद्युत् बिक्री दरभन्दा खरिद दर महँगो हुँदा कृषि तथा खानेपानीमा समस्या छ, साथै सेवा शुल्क अन्यायपूर्ण छ ।

**बजेट तथा लगानी सुनिश्चितता :** कार्यक्रमलाई सुरक्षित, भरपर्दो र दिगो बनाउन पर्याप्त बजेट व्यवस्था गरी प्रणाली सुदृढीकरण तथा ऊर्जा उपयोगलाई प्रोत्साहन गर्न आवश्यक छ । सामुदायिक संस्थाहरूले प्रणाली सुदृढीकरण गर्न १० प्रतिशत सहभागिता रकमसहित प्रस्ताव पेस गरेका छन् । नेपाल सरकारबाट विनियोजित बजेटको अभावमा काम हुनसकेको छैन, जसबाट समुदायमा गुणस्तरीय विद्युत् प्रवाह गर्न समस्या परेको छ ।

**निर्माण तथा व्यवस्थापन प्रणाली :** साना-ठुला निर्माण कार्यहरूमा स्थानीय उपभोक्ताको सहभागिता बढाई छिटो, गुणस्तरीय र प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनु आवश्यक छ । विद्यमान सार्वजनिक खरिद ऐनले दिएको सीमाभित्र उपभोक्ताहरूलाई निर्माण कार्यमा सहभागी बनाउनु आवश्यक छ । यस सम्बन्धमा ट्रान्सफर्मर अपग्रेडलगायतका साना कामहरूमा निर्माण व्यवसायीको प्राथमिकता नरहने, पटक-पटक बोलपत्र आह्वान गर्दासमेत निर्माण व्यवसायी तयार नहुने गर्दा स-साना कामहरू उपभोक्ता समितिमा रहेको जनशक्तिको मूल्याङ्कनको आधारमा तय गरी गुणस्तर नियन्त्रणको काम प्राधिकरणबाट हुने गरी गरिनु अपरिहार्य छ ।

**सामुदायिक लगानीको मान्यता :** समुदायले विद्युत् संरचना निर्माणमा गरेको लगानीलाई हालसम्म प्राधिकरणमा पुँजीकरण गरिएको भए तापनि समुदायको स्वामित्वको स्पष्ट मान्यता नपाएको अवस्थामा उक्त लगानीलाई औपचारिक रूपमा मान्यता दिई संस्थागत स्वामित्व सुनिश्चित गर्ने नीति आवश्यक छ । समुदायले विद्युत् सहकारी संस्थामा शेयरको रूपमा लगानी गरेको, लगानी गरेको रकम प्राधिकरणमार्फत विद्युत् संरचनामा खर्च भई प्राधिकरणले पुँजीकरण गरेको अवस्थामा समुदायले सहकारीमा जम्मा गरेको रकमले थप विवाद सिर्जना गरेकोले समुदायबाट लगानी गरेको रकमलाई प्राधिकरणले उत्पादन कम्पनीहरूमा शेयरको रूपमा राखी समुदायको लगानीको सुनिश्चितता गरिनु आवश्यक छ ।

नेपाल सरकारले अघि सारेको सुशासनको मार्गचित्रलाई व्यवहारमा उतार्दै सामुदायिक विद्युतीकरण क्षेत्रमा देखिएका समस्याहरूको समाधान तथा यसको प्रभावकारिता वृद्धि गर्न नीतिगत, कानुनी तथा बजेटीय तहबाट आवश्यक पहल गर्नु पर्ने हुन्छ । यसबाट ग्रामीण तथा दुर्गम क्षेत्रका करिब १५ प्रतिशत नागरिकले गुणस्तरीय, भरपर्दो र सुलभ विद्युत् सेवा प्राप्त गर्नेछन् । यस नवीन राजनीतिक परिवेशमा, जनताको नयाँ जनादेशसहित सरकार निर्माण भइरहेको सन्दर्भमा विगतका सकारात्मक पहलहरूलाई निरन्तरता दिँदै कमजोरीहरू सुधार गरी स्पष्ट मार्गचित्रका साथ अगाडि बढ्न आवश्यक छ ।

वर्तमान सरकारबाट देशमा सुशासन, दिगो विकास र स्थायी शान्ति स्थापना गर्दै आम नेपालीले प्रत्यक्ष महसुश गर्ने गरी प्रभावकारी सरकारी सेवा प्रवाह हुन सकोस् भन्ने अपेक्षा गरेका छन् । आयातित विद्युत्बाट लोडसेडिङको अन्त्य गरिएको, सामुदायिक संस्थाहरूको काम चलाउ विद्युतीकरण संरचनाको भरमा विद्युत् पहुँच ९८ प्रतिशत पुर्याइएको, आधारहीन आधारमा विद्युत् महशुल छुट गरी विद्युत्को उपभोगलाई पहुँचयोग्य बनाइएको भनिएको भए पनि पर्याप्त उत्पादन, भरपर्दो प्रसारण लाइन र विद्युतीकरण, सबैका लागि वास्तविक पहुँच र वैज्ञानिक शुल्क निर्धारण आज पनि चुनौतीको विषय हुन् । यी चुनौतीहरूको समाधानतर्फ पनि वर्तमान सरकारबाट ठोस पहल हुने अपेक्षा गरिएको छ ।

नेपालमा सशस्त्र द्वन्द्व भई विकास निर्माण तथा कर्मचारीहरू ग्रामीण क्षेत्रमा गई सेवा दिन र विद्युत् विस्तार गर्न नसकेको अवस्थामा सामुदायिक संस्थामार्फत सामुदायिक विद्युतीकरण गरी पूर्ण विद्युतीकरण गर्न सहयोगी भूमिका खेलेका सामुदायिक संस्थाहरूलाई अवमूल्यन होइन, राज्यबाट उचित मूल्याङ्कन गरी यस कार्यक्रमको प्रभावकारिताको लागि आवश्यक नीति तर्जुमा गर्नुपर्छ । माथि उल्लेखित विषयवस्तुहरूलाई समेटी सामुदायिक विद्युतीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयन र नीतिगत सुधारका लागि विशेष आग्रहका साथ महासङ्घको तर्फबाट प्रधानमन्त्री बालेन्द्र शाह र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीलाई मागपत्र पनि बुझाइएको छ । सरकारका सुशासनका १०० मार्गचित्र अभियानको प्रशंसा गर्दै राज्यलाई थप जनमैत्री बनाउने विश्वास व्यक्त गरेको छ ।

*(लेखक सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घ, नेपाल अध्यक्ष हुनुहुन्छ ।)*

# आईसीसीद्वारा फिलिपिन्सका पूर्वराष्ट्रपति डुतेर्तेको पुनरावेदन खारेज

द हेग, ९ वैशाख (एएफपी) । अन्तर्राष्ट्रिय फौजदारी अदालतका न्यायाधीशहरूले बुधबार रोड्रिगो डुतेर्तेले अदालतको क्षेत्राधिकारविरूद्ध दिएको चुनौतीलाई खारेज गरिदिएका छन्, जसको अर्थ अझै पनि लागूपदार्थ विरुद्धको युद्धको विरूद्धमा फिलिपिन्सका पूर्वराष्ट्रपतिविरूद्ध मुद्दा चलाउन सकिनेछ ।

फिलिपिन्सका पूर्वशासक ८१ वर्षीय डुतेर्तेले हेगस्थित अन्तर्राष्ट्रिय अदालतमा मानवताविरुद्धको तीन अपराधको सामना गरिरहनुभएको छ ।

सन् २०१३ देखि सन् २०१६ सम्म डाभाओ शहरको मेयर र सन् २०१९ को मार्चसम्म उहाँ राष्ट्रपति रहँदा लागूपदार्थ विरुद्धको युद्धको नाममा अपराध गरेको आरोप लागेको हो ।

डुतेर्तेको प्रतिरक्षा समूहले फिलिपिन्स अहिले 'रोम विधान' को अधीनमा नभएको भन्दै फिलिपिन्समा भएको कथित अपराधबारे अदालतको क्षेत्राधिकार नभएको तर्क गरेको थियो ।

अभियोजनकर्ताले फिलिपिन्स आईसीसीको सदस्य रहँदा कथित अपराधहरू भएको र त्यसैले न्यायाधीशहरूले डुतेर्तेको मुद्दामा निर्णय गर्न सक्ने प्रतिवाद गरेका छन् ।

अक्टोबरमा आईसीसीको प्रि-ट्रायल च्याम्बरले अभियोजनकर्ताको पक्ष लिएको थियो र दुतेर्तेमाथि फिलिपिन्स फिर्ता हुनुअघि नै अनुसन्धान सुरु भएको फैसला गरेको थियो ।

पुनरावेदन अदालतले त्यो निर्णयमा प्रतिरक्षा टोलीको चुनौतीलाई खारेज गरिदिएको हो ।

अदालतका न्यायाधीश 'लुज डेल कारमेन इबानेज कारान्जा'ले पुनरावेदनका चारै आधारलाई अस्वीकार गरेको बताउनुभयो ।

"पुनरावेदन कक्षले सम्पूर्ण अपिल अस्वीकार गरिसकेपछि पूर्वनेता डुतेर्तेको तत्काल र बिनासर्त रिहाइको लागि प्रतिरक्षा अनुरोधको कुनै कानुनी मान्यता रहने छैन," उहाँले थप्नुभयो ।

डुतेर्तेका वकिल निकोलस काउफम्यानले डुतेर्तेको सुनुवाइ आईसीसीमा बाँकी रहेको एक मुद्दा भएकाले आफू फैसलाबाट आश्चर्यचकित नभएको बताउनुभएको छ ।

"पुनरावेदनलाई अनुमति दिँदा अदालतको सूची व्यावहारिक रूपमा खाली हुने थियो", उहाँले एएफपीलाई जानकारी दिनुभयो ।

एक छुट्टै प्रक्रियामा न्यायाधीशहरूले डुतेर्तेविरूद्धका आरोपहरू पुष्टि गर्ने कि नगर्ने भनेर विचार गरिरहेका छन्, जुन सुनुवाइ अघिको अन्तिम चरण हो, यो एसियाका पूर्वराष्ट्र प्रमुखविरुद्धको पहिलो मुद्दा हुनेछ ।

फेब्रुअरीमा भएको सुनुवाइमा अभियोजनकर्ताले दुतेर्तेले लागूऔषधविरूद्धको युद्धका क्रममा हजारौँ मृत्युका लागि जिम्मेवार रहेको आरोप लगाएका थिए ।

उहाँको प्रतिरक्षाले डुतेर्तेको लागूऔषध प्रयोगकर्ता र वास्तविक हत्याविरुद्धका उग्र धम्कीलाई प्रत्यक्ष रूपमा जोड्ने कुनै आधार नभएको बताएको छ । जे भए पनि डुतेर्ते अदालतमा उपस्थित हुने सम्भावना छैन ।

डुतेर्तेको प्रतिरक्षा टोलीले उहाँ मानसिक रूपमा स्वस्थ नभएको भन्दै उपस्थित नहुन गरेको उहाँको अनुरोधलाई स्वीकार गरेको थियो । निवेदनमाथि अदालतले फेब्रुअरीमा सुनुवाई गरेको थियो ।

उहाँको गिरफ्तारी र हेगमा स्थानान्तरणपछि उहाँ एक पटक मात्र भिडियोलिंक मार्फत प्रारम्भिक उपस्थितिमा देखा पर्नुभएको थियो, जसमा उहाँ मुद्दा र घटनाबारे भ्रमित र थकित रूपमा देखा पर्नुभएको थियो ।

उहाँ बिहीबार निर्णय सुनाउँदा पनि उपस्थित हुनुभएको थिएन ।

# लुम्बिनी प्रदेशसभा बैठक : प्रदेश जीवनाशक विषादी व्यवस्थापन कानुन निर्माण

लुम्बिनी, ९ वैशाख । लुम्बिनी प्रदेशमा जीवनाशक विषादी व्यवस्थापन तथा नियमनको कानुनी व्यवस्था भएको छ । प्रदेशसभाको बुधबार बसेको बैठकले प्रदेश जीवनाशक विषादी व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेपछि त्यस्तो कानुनी बाटो निर्माण भएको हो ।

प्रदेशसभाको सातौँ अधिवेशनअन्तर्गत बुधबार बसेको १५ औँ बैठकले उक्त विधेयक प्रतिवेदनसहितको सर्वसम्मत पारित गरेको हो । बैठकमा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले विधेयकमाथि छलफल तथा पारित गरियोस् भन्ने प्रस्ताव पेस गर्नुभएको थियो ।

सभामुख तुलाराम घर्तीमगरले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दै सर्वसम्मत पारित भएको घोषणा गर्नुभयो । बैठकमा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री पन्थी र आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले प्रदेशसभा बैठकमा उठेका प्रश्नहरूको जवाफ दिनुभएको थियो ।

बैठकमा प्रदेश मामिला तथा कानुन समितिका सभापति दिलकुमारी बुढाले जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालनसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि समितिको प्रतिवेदन सभामा पेस गर्नुभयो । त्यस्तै, सार्वजनिक लेखा समितिका सभापति माया पुनले समितिको वार्षिक प्रतिवेदन पेस गर्नुभएको थियो ।

बैठकमा प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठले जनता महँगीका कारण जनता मारमा परेको बताउनुभयो । प्रदेशसभा सदस्य यमबहादुर सार्कीले लामो प्रयासपछि दलित समुदायको अधिकार सुनिश्चित गर्ने विधेयक तयार भएको उल्लेख गर्दै यसलाई ऐतिहासिक उपलब्धि भएको बताउनुभयो । प्रदेशसभा सदस्य सुशीला वादीले उक्त विधेयक प्रमाणीकरणपछि प्रभावकारी कार्यान्वयनका लागि सरकारले भूमिका बढाउनुपर्ने धारणा राख्नुभयो ।

प्रदेशसभा सदस्य खड्ग बस्नेतले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्न सरकारलाई आग्रह गर्नुभयो । अर्का प्रदेशसभा सदस्य दुर्गाप्रसाद चौधरीले बजेट तर्जुमा र कार्यान्वयनमा समस्या रहेको औँल्याउनुभयो ।

प्रदेशसभा सदस्य अर्जुनकुमार केसीले सीमा क्षेत्रमा राजस्व कडाइ गर्ने सङ्घीय सरकारको नीति अवैज्ञानिक रहेको टिप्पणी गर्नुभयो । प्रदेशसभा सदस्य मीनाकुमारी श्रेष्ठले पेट्रोलियम पदार्थको मूल्यवृद्धिले सबै क्षेत्र प्रभावित भएको भन्दै तत्काल फिर्ता लिन माग गर्नुभयो । यस्तै बैठकमा प्रदेशसभा सदस्य यमुना रोका तामाङले अदूरदर्शी नीतिका कारण जनजीवन प्रभावित भएको बताउँदै भान्सा, खेतीपाती र दैनिक जीवनमा समस्या बढेको उल्लेख गर्नुभयो ।

प्रदेशसभा सदस्य जमुना ढकालले किशोरीहरूको सुरक्षा चुनौतीपूर्ण बन्दै गएको भन्दै राज्यले सुरक्षा प्रत्याभूति दिनुपर्ने माग गर्नुभयो । छोरीहरूले न्याय कहिले पाउने भन्ने प्रश्नसमेत उहाँले उठाउनुभयो ।

# जलवायुसम्बन्धी नौबुँदे गोक्यो घोषणापत्र जारी

काठमाडौँ, ९ वैशाख । जलवायु न्यायका लागि हिमाली र पर्वतीय राष्ट्रहरूको नेतृत्व नेपालले गर्नुपर्नेलगायत नौबुँदे गोक्यो घोषणापत्र जारी गर्दै खुम्बु क्षेत्रमा जलवायु सम्मेलन सम्पन्न भएको छ ।

सोलुखुम्बुको खुम्बु पासाङल्यामु गाउँपालिका र जलवायुका क्षेत्रमा कार्यरत संस्था 'साथसाथै'ले आयोजना गरेको गोक्यो जलवायु सम्मेलनपछि घोषणापत्र जारी गरिएको हो । विश्व पृथ्वी दिवसको अवसरमा बुधबार गोक्योमा आयोजित सम्मेलनपछि जारी गरिएको घोषणापत्रमा जलवायु कूटनीति सुदृढीकरण गर्न र अन्तर्राष्ट्रिय मञ्चहरूमा हिमाली मुद्दालाई प्राथमिकताका साथ उठाउनुपर्ने उल्लेख छ ।

विषयगत विज्ञसहित काठमाडौँदेखि लुक्ला-नाम्चे-खुम्जुङ- मचेर्मो हुँदै टोली गोक्यो पुगी सो घोषणापत्र जारी गरेको सो संस्थाले जनाएको छ । प्रतिनिधिसभाका पूर्वउपसभामुख तथा सांसद इन्दिरा राना मगरले घोषणापत्र वाचन गर्दै नागरिक तहबाट जलवायु न्यायका लागि सरकारलाई झक्झक्याउने काम गरेकामा आयोजकप्रती खुसी प्रकट गर्नुभयो ।

उहाँले भन्नुभयो, "जलवायु परिवर्तनले ल्याएको समस्या थेग्न सरकार एक्लैले सक्दैन, यसरी प्रभावित क्षेत्रमै पुगेर नागरिकसँग हातेमालो गर्नुपर्छ । सरकार र संसद्ले पनि यो घोषणापत्रमा उल्लेखित सुझावहरू सुन्नुपर्छ ।"

अन्तर्क्रियामा सहभागी हुँदै गोक्यो क्षेत्रमा पुग्नुभएका हिमनदी विज्ञ अरूणभक्त श्रेष्ठले हिमताल फुट्ने जोखिमको खतरा सम्बोधन गर्न यो सम्मेलनले ध्यानाकर्षण गराउने बताउनुभयो । युवा नेत्री टासी लाजुम, नवीकरणीय ऊर्जा अनुसन्धानकर्ता कुशल गुरुङ, अधिकारकर्मी समा श्रेष्ठ, अधिवक्ता सरोज घिमिरे, सञ्चारकर्मीहरू बालकृष्ण बस्नेत, विजय पौडेललगायतले घोषणापत्र बाचन गर्दै एक्यबद्धता जनाउनुएको 'साथसाथै' का अध्यक्ष प्रजिता कार्कीले जानकारी दिनुभयो ।

# फैसला कार्यान्वयनका लागि ५८० जना पक्राउ

चितवन, ९ वैशाख । जिल्ला अदालतबाट फैसला भई फरार रहेका ५८० जनालाई पक्राउ गरिएको छ । उनीहरूलाई जिल्ला विभिन्न ठाउँबाट पक्राउ गरिएको हो ।

फैसला कार्यान्वयनका लागि पक्राउ परेकाहरूबाट १०१ वर्ष १० महिना १९ दिन कैद भुक्तान गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालले जानकारी दिनुभयो । उनीहरूबाट रु. पाँच करोड ३६ लाख ५४ हजार १७ जरिवाना असुल गरिएको उहाँले बताउनुभयो ।

सूचना अधिकारी खनालका अनुसार फैसला कार्यान्वयनका लागि जिल्ला प्रहरी कार्यालयसहित विभिन्न निकायको सक्रियता आवश्यक छ । उहाँले भन्नुभयो, "फैसला कार्यान्वयनका लागि प्रहरीले सादा पोसाक र बर्दिमा प्रहरी परिचालन गरिएको छ ।"

गत आवमा फैसला कार्यान्वयनका लागि ५८३ जना पक्राउ परेका थिए । उनीहरूबाट १२७ वर्ष छ महिना तीन दिन कैद भुक्तान भएको थियो । पक्राउ परेका उनीहरूले रु. दुई करोड ५८ लाख ७९ हजार ४१९ जरिवाना भुक्तान गरेका थिए । फैसला कार्यान्वयनको क्रममा जिल्ला बाहिर कैद तथा जरिवाना भुक्तान गर्नुपर्नेहरूलाई पक्राउ गरिएको सूचना अधिकारी खनालले जानकारी दिनुभयो । कार्यालयले चालू आवमा ५३ सवारी चालकले लागुऔषध सेवन गरेर सवारी चलाएको पाइएको उहाँले जानकारी दिनुभयो ।

# बिनाकारण प्रहरी प्रशासनले पक्राउ गरेकोमा विरोध एवं भर्त्सना

भक्तपुर, ९ वैशाख । कानुन अध्ययन समाज-नेपाल, भक्तपुर जिल्ला समितिले भूमिसुधार तथा मालपोत कार्यालय, भक्तपुरमा भूसेवा अनुमति लिई कामकारबाही गर्दै आएका लेखापढी व्यवसायीहरूलाई बिनाकारण प्रहरी प्रशासनले पक्राउ गरेकोमा विरोध एवं भर्त्सना गर्दै बुधबार प्रेस विज्ञप्ति प्रकाशित गरेको छ ।

जिल्ला समितिका अध्यक्ष एवं अधिवक्ता राजु कैटीले जारी गरेको विज्ञप्तिमा बिनाकारण 'बिचौलिया' नियन्त्रणका नाममा गरिएका ११ जना लेखापढी व्यवसायीहरूको अविलम्ब बिना सर्त रिहाइ हुनुपर्ने र बिनाकारण पक्राउ गर्न नहुने सुनिश्चितताको जोडदार माग गरेको छ ।

स्रोतका अनुसार पक्राउ पर्नेहरूमा सुभद्रा त्वायना, मनिष ताक्रा, प्रज्वल काफ्ले, रूकेश महांकाल, कृष्णकाजी प्रजापति, शुक्र कार्की, किशोर थापा, सुरेश श्रेष्ठ, सुवास महत, यज्ञराज पोखरेल र बलराम रिजाल रहनुभएको छ ।

# वैशाख १७ गते सङ्घीय संसद्को अधिवेशन आह्वान

काठमाडौँ, ९ वैशाख । राष्ट्रपति रामचन्द्र पौडेलले वैशाख १७ गते बिहीबार दिउँसो २ बजे सङ्घीय संसद्को अधिवेशन आह्वान गर्नुभएको छ ।

उहाँले नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को यहीँ वैशाख ८ गतेको बैठकको सिफारिसमा सङ्घीय संसद् भवन, सिंहदरबारमा सङ्घीय संसद्को दुवै सदनको अधिवेशन आह्वान गर्नुभएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

# कूटनीति र वार्ता राष्ट्रिय हितमा हुनुपर्छ : इरान

तेहरान, ९ वैशाख (सिन्ह्वा) । इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बघाईले बुधबार कूटनीति राष्ट्रिय हितको रक्षा गर्ने एक उपकरण भएको र इरानको हितसँग मेल खाने अवस्था आएपछि मात्र यसको अनुसरण गरिने बताउनुभएको छ ।

उहाँले मध्यस्थताको प्रयासको लागि पाकिस्तानलाई धन्यवाद दिनुभयो र भन्नुभयो, "इरानको कार्य अमेरिका र इजरायली सैन्य आक्रमणको सामना गर्न आत्मरक्षामा गरिएको थियो ।"

इरानले आफ्नो राष्ट्रिय हित र सुरक्षाको लागि आवश्यक कदम चाल्दै युद्धक्षेत्र र राजनीतिक घटनाक्रमलाई नजिकबाट नियालिरहेको उहाँले बताउनुभयो ।

वक्तव्यमा भनिएको छ, "इरानले आफ्नो वैधानिक अधिकारको रक्षा गर्नेछ, आक्रमणका लागि कानुनी जवाफदेही बनाउनेछ र युद्धमा भएको क्षतिको क्षतिपूर्तिको माग गर्नेछ ।"

फार्स समाचार एजेन्सीका अनुसार बघाईले अगाडि भन्नुभयो, "इरानी व्यापारिक जहाजहरूमा आक्रमण र तिनीहरूलाई जफत गर्नुले गम्भीररूपमा कूटनीतिमा संलग्न देशको व्यवहारलाई प्रतिबिम्बित गर्दैन ।"

इरानले दोस्रो चरणको वार्तामा भाग लिने घोषणा नगरेको र इस्लामावादमा वार्ता गर्ने कुनै पनि निर्णय यसले राष्ट्रिय हितको सेवा गर्छ कि गर्दैन भन्नेमा निर्भर गर्ने उहाँले बताउनुभयो ।

युद्धरत पक्षहरूबिच ४० दिनको लडाइँपछि अप्रिल ८ युद्धविराम लागू भएको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धविरामको अवधि थप गर्ने बताएका छन् ।

पाकिस्तानले तेहरान र वासिङटनबिच अप्रत्यक्ष वार्तामा मध्यस्थता गरेको छ, जसको पहिलो चरणको आयोजना अप्रिल ११-१२ मा इस्लामाबादमा भएको थियो । इरानको तस्निम न्युज एजेन्सीले संयुक्त राज्य अमेरिकासँग बुधबार पाकिस्तानमा हुने दोस्रो चरणको वार्तामा सहभागी तेहरानको निर्णय 'निश्चित' भएको जनाएको छ ।

*जाँचबुझ...*

अघि बढ्दै करिब १५ हजार हाराहारीमा पुगेको देखिन्थ्यो । भिडले ब्यारेकेड तोडेर अघि बढ्न खोज्दा सशस्त्र प्रहरीसँग धकेलाधकेल भयो र अवस्था क्रमशः असामान्य बन्दै गयो ।

भिड अत्यधिक आक्रमक भई ढुङ्गा हान्ने, तोडफोड तथा आगजनीमा उत्रिएपछि प्रदर्शनकारीहरूले संसद् भवनको दक्षिण गेट नजिक रहेका सवारीसाधनमा तोडफोड तथा आगजनी गरी पर्खाल भत्काउँदै भवनभित्र प्रवेश गरेको मैले देखेँ । प्रहरीले रोक्न खोज्दा हातमा ढुङ्गा र औजार बोकेका भिडका कारण पनि अवस्था नियन्त्रण बाहिर गयो । भिडको आक्रामकता, कर्फ्यु उल्लङ्घन र व्यापक क्षति रोक्न अन्तिम बल प्रयोगको अवस्था सिर्जना भएको हो । पहिलो गोली कहाँबाट चल्यो भन्ने कुरा मलाई थाहा भएन ।

भदौ २४ गते करिब १३ हजारको भिडले प्रहरी वृत्त कीर्तिपुर घेराउ गरी तोडफोड गर्न थाले । हामीले नेवारी भाषासमेत प्रयोग गरी सम्झाइबुझाइ गर्दा केही फर्किए । पुनः ठूलो सङ्ख्यामा आएको भिडले प्रहरी कार्यालयमा आगजनी गर्दा कागजात नष्ट हुनुका साथै १० नाल हतियार लुटिए ।

घटनाक्रममा मास्क, हेल्मेट लगाएका, मोटरसाइकलको ठूलो आवाज निकालेर भिड उक्साउने तथा घरेलु हतियार प्रयोग गर्ने व्यक्तिहरू देखिएकाले आन्दोलनमा घुसपैठ भएको शङ्का लागेको छ ।

**प्रहरी वृत्त स्वयम्भूका कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक उद्धव सिंह भाट** :

भदौ २३ गते Gen-Z आन्दोलनको ड्युटीमा म प्रत्यक्ष रूपमा खटिएको थिइनँ । भदौ २४ गते दिउँसो करिब १४ देखि १५ बजेको बिचतिर संसद् भवन (मिनभवनपट्टि) तर्फबाट भिडले वाल तोडफोड गरी आगजनी सुरु गरेको मैले जानकारी पाएको थिएँ । संसद् भवनभित्र नेपाली सेना र सशस्त्र प्रहरी दुवै तैनाथ भए पनि नेपाल प्रहरीले मात्र आगजनी रोक्ने प्रयास गरेको थियो ।

त्यसदिन भिक्टर कन्ट्रोलबाट थुनुवा छोड्ने, हतियार र सञ्चार उपकरण जोगाउने, अश्रुग्याँसबाहेक बल प्रयोग नगर्ने आदेश आएको थियो । उक्त प्रदर्शनको क्रममा कार्यालय र सवारी साधनहरू आगजनीबाट जोगाउन नसकिएको, १२ जना प्रहरी घाइते भएको र सञ्चार उपकरण तथा हतियारहरू नष्ट भएको थियो ।

संसद् भवनमा आगजनी भएपछि भिडमा अन्य स्थानको प्रहरीबाट लुटेको एसएलआर बोकेको व्यक्ति पनि थियो । उसको हातबाट हाम्रो टोलीले हतियार खोसेको थियो । उक्त भिडबाट रड प्रहार हुँदा मेरो घुँडामा र काँधमा चोट लागेको थियो ।

२४ गते कार्यालयमा आगजनी भएपछि आफ्नो टोलीसहित कालिकास्थानस्थित नेपाली सेनाको बन्दोबस्ती गणमा बसेको हुँ । भदौ २३ र २४ का घटनामा Gen-Z आन्दोलनमा अन्य समूहहरूको घूसपैठ भइ भिड्ने नेतृत्वविहीन भएको थियो । जसले लुटपाट, आगजनी र तोडफोडलाई प्रोत्साहन दिएको थियो ।


## हार्दिक समवेदना



यस संस्थाका सदस्य **शशिधर भक्त राय**को असामयिक निधन भएको आज १२ औँ दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**जन्म**: २०२२/०२/०७
**निधन**: २०८२/१२/२९

**समदर्शी बचत तथा ऋण सहकारी संस्था लि.**
महेश्वरीस्थान-८, भक्तपुर


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा